# प्रदेश सभा

# गण्डकीप्रदेश

# आठौं अधिवेशन

# (बीसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः-२०७८।०३।२८ गते

दिनको गण्डकी प्रदेश सभाको आठौं अधिवेशनको बीसौं बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा ५:०६ बजे प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,सर्वप्रथम म प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउँछु ।

मिति :- २०७८/३/२७

विषय :- जानकारी सम्बन्धमा ।

श्रीमान सचिवज्यू,
प्रदेश सभा सचिवालय
गण्डकी प्रदेश पोखरा,

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७८ असार २७ को प्रेस विज्ञप्ति यसैसाथ संलग्न राखी जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

हरिप्रसाद बाँस्तोला

(सचिव)

मितिः-२०७८/३/२७ गते

**प्रेस विज्ञप्ति :-**

मानननीय प्रदेश प्रमुख श्री सिता कुमारी पौडेलद्वारा मिति २०७८/३/२७ मा नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम माननीय मुख्यमन्त्रीज्यूको सिफारिसमा मिति २०७८ असार १३ गतेमा गठित मौजुदा मन्त्री परिषदमा हेरफेर गरी कार्यविभाजन गर्नु भएकोले सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

**माननीय कृष्णचन्द्र नेपाली पोखरेल-मुख्य मन्त्री,**
मुख्य मन्त्री तथा मन्त्री परिषद्, अर्थ, कानुन, सञ्चार तथा प्रदेश सभा मामिला, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि, व्यवस्था, कृषि, सहकारी तथा गरीवि निवारण, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था र वन वातावरण तथा भूसंरक्षण ।
**माननीय कुमार खड्का- मन्त्री**
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास
**माननीय राजीव गुरुङ-मन्त्री**
युवा तथा खेलकुद,
**माननीय मधुमाया अधिकारी गुरुङ– मन्त्री**
स्वास्थ्य तथा जनसंख्या,
**माननीय हरिशरण आचार्य - मन्त्री**
उर्जा, जलस्रोत तथा खानेपानी,

चण्डी प्रसाद अर्याल, (प्रवक्ता)

माननीय सदस्यहरु, अब म मिति २०७७ असार २३ गतेको प्रदेश सभाको वैठकबाट गठन भएको गण्डकी प्रदेश, प्रदेश सभा नियमावली संशोधन मस्यौदा समितिको कार्यअवधि २०७८ जेठ १० मा समाप्त भएकोमा सो समितिको कार्यअवधि आगामी एक महिना सम्म थप गर्नको लागि समितिबाट अनुरोध भई आएको हुँदा कार्य अवधि थपको लागि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु । माननीय सदस्यहरु,प्रस्तुत प्रस्तावलाई समर्थन जनाइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरु,सर्वप्रथम म माननीय मुख्य मन्त्री तथा अर्थ मन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई मिति २०७८ असार १ गते सभासमक्ष प्रस्तुत गर्नुभएको आ.व. २०७८/०७९ को राजश्व र व्ययको अनुमान सम्बन्धमा वक्तव्य सहित आफ्नो भनाई प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्य मन्त्री कृष्णचन्द्र नेपाली,पोखरेलः-**

सभामुख महोदय, म सर्वप्रथम त विगत १ महिना देखि अविरल वर्षाले प्रदेश भित्रका विभिन्न जिल्लाहरुमा  बाढीपहिरोको कारण ज्यान गुमाउनु परेका व्यक्तिहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहान्छु।त्यस्तै यस बिचमा प्रदेशभित्रका कोभिड–१९ बाट निधन हुनु हुनेहरुमा समेत श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र संक्रमितहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहान्छु ।

सभामुख महोदय, मेरा भनाईहरु राख्नुभन्दा पहिले प्रमुख प्रतिपक्ष दलले विनियोजन विधेयकमा समाविष्ट नभएका योजनाको सम्बन्धमा आफ्नो चिन्ता जाहेर गर्नुभएको सन्दर्भमा यस आर्थिक वर्षमा संचालन भएको र विनियोजन विधेयकमा उल्लेख नभएका कार्यक्रम बारे अनुगमन गर्न प्रमुख प्रतिपक्ष दलका माननीयको संयोजकत्वमा ७ सदस्यीय संयुक्त संसदीय अनुगमन समिति गठन गर्ने सहमति भएको र यस अनुसार प्रदेश सभाको अर्को वैठकमा समितिमा रहने सदस्यको नाम नामेशी प्रस्ताव प्रस्तुत गरिने व्यहोराको जानकारी सभामुखज्यू मार्फत सम्मानित प्रदेश सभालाई जानकारी गराउन चाहान्छु ।

सभामुख महोदय, जेठ २९ गते जिम्मेवारी सम्हालेको मेरो नेतृत्वको सरकारलाई नीति तथा कार्यक्रम र बजेटका लागि अत्यन्त छोटो समय थियो।तैपनि मेहेनतका साथ समयमै नीति तथा कार्यक्रम र बजेट ल्याउन सफल भयौं। प्रमुख प्रतिपक्ष दलको सहयोगका कारण पनि यो सम्भव भएको हो। सरकार अविछिन्न उत्तराधिकारीवाला संस्था हो।सरकार फेरिनु, राजनीतिक प्रकृया हो। राजनितिक घटनाक्रमले गण्डकी प्रदेशमा गठवन्धन सरकार बन्यो जसको नेतृत्व गर्ने दायित्व म माथि आयो।अघिल्लो सरकारले थालेका सम्पूर्ण कामको स्वामित्व स्वाभाविक रुपमा हामीले लिएर अगाडि बढेका छौं।दिगो विकास लक्ष्य, प्रदेशको पञ्चवर्षिय योजना अनि प्रदेशले तोकेका प्राथमिकतालाई नै हामीले आधार बनाएका छौं । एकातिर बाढीपहिरोको प्रकोप, अर्कोतिर कोभिड महामारीले अर्थतन्त्रलाई नराम्रो गरी प्रभावित बनाएको छ ।

आर्थिक अवस्थालाई माथि उकास्ने र रोजगारी सृजना गर्ने विषयमा हाम्रो ध्यान केन्द्रित छ।हो वार्षिक विकास कार्यक्रम ल्याउन केही समय लाग्यो।यसको वाध्यताका  बारेमा हामी जानकार नै छौं।नयाँ सरकार गठन सँगै गण्डकी प्रदेशको वर्तमान आर्थिक स्थिति सम्बन्धमा श्वेतपत्र जारी गर्नुपर्छ भन्ने हामीलाई लाग्यो। श्वेत पत्र जारी गर्नका लागि प्रदेश नीति तथा योजना आयोग गठन गर्नु जरुरी थियो। आयोग गठनको प्रक्रियामा जाँदा केही ढिला भएको हो।बजेटमाथि छलफल गर्ने समय स्वाभाविक रुपमा छोटो छ।र पनि यसलाई समयमै पारित

गर्नु पर्ने दायित्व हामीमाथि छ। यसमा फेरी पनि प्रमुख प्रतिपक्षी दलको सहयोगको अपेक्षा हामीले गरेका छौं। पहिलो सरकारले बजेट बनाउने बेलामा आगामी आर्थिक वर्षका लागि ३१ अर्व ५४ करोड रुपैयाँको सिलिङ आएको थियो ।

यति हुँदाहुँदै पनि ३८ अर्वको बजेट प्रस्ताव गरी त्यही रकम बराबरका योजना इन्ट्री भएका थिए, तपाईंहरु सबै जानकार नै हुनुहुन्छ। चालु आ.व. को बजेटको आकार ३४ अर्व ८१ करोड हो । आगामी आर्थिक वर्षका लागि चालु आ.व. भन्दा ४ अर्व ७८ करोड रुपैयाँ कम गरी बजेट आएको छ। हामीले ल्याएको बजेट पहिला प्रस्ताव गरेर इन्ट्रि गरेको भन्दा ७ अर्व ९७ करोड रुपैया रकम कम छ। अर्थात सिलिङ भन्दा १ अर्व ५१ करोड कम छ । संघ सरकारका लागि हामीलाई प्राप्त हुने रकम चालु आ.व.भन्दा आगामी आ.व. का लागि १ अर्व ५९ करोड कम प्रस्ताव भएको छ। जसका कारण हाम्रो बजेटको आकार खुम्चिएको छ। म यो गरिमामय सदनमा जानकारी गराउँछु। हामीले भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात बाहेक अरु मन्त्रालयका योजना परिवर्तन गरेका छैनौं। अघिल्लो सरकारले ल्याएका कार्यक्रमलाई निरन्तरता दिएका छौं। भौतिकमा दायित्व सृजना भएका वहुवर्षिय लगायत कार्यक्रमहरुले निरन्तरता नै पाएका छन्। चालु आ.व. ठेक्का गरिएका १४ वटा योजना मध्ये समपूरक र नयाँ गरी ९ वटा कार्यक्रमहरु अगाडि बढाईएको छ भने ५ वटा नितान्त नयाँ कार्यक्रमका लागि स्रोतको खोजीको प्रयत्न गरिएको छ। भौतिक मन्त्रालय अन्तरगत सालबसाली कार्यक्रहरुलाई बजेट अभावका कारण अनुसुचीमा राखी थप स्रोत उपलव्ध भएपछि सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

नयाँ बनेको सरकारसँग जनअपेक्षा रहनु स्वभाविक पनि हो । असार लाग्दा नलाग्दै प्रदेशभर बाढिपहिरोको प्रभाव बढ्यो। राहत तथा उद्धारका लागि खर्चिनु पर्ने अवस्था आयो। बाढीपहिरोको प्रभावित क्षेत्रका अलावा छोटो समयमा हुने विकास निर्माणका कामका लागि कार्यान्वयनमा जाने साँढे ११ करोड ७३ लाख रुपैयाँका कार्यक्रम तय गरिएको हो। जसमा धेरै रकम खर्च नहुने देखिएको छ। बाँकी रकम सन्चित कोषमा नै रहने विषय उल्लेख गरिरहन परेन। जहाँसम्म रकमान्तरलाई भ्रष्टाचार र अनियमिततासँग जोडिएको यसले हामीलाई गम्भिर रुपमा सोच्न वाध्य बनाएको छ। वर्षौदेखि लोकतन्त्र, नागरिक स्वतन्त्रता र सुशासनका लागि हामी संघर्ष गर्दै आयौं। विधि र कानूनका बारेमा पनि तपाईं हामी जानकार नै छौं। अनियमितता र भ्रष्टाचारलाई समूल अन्त्य गर्नु पर्छ भनेर नै विभिन्न खाले आन्दोलन भए । त्यसमा के सत्ता पक्ष के विपक्ष सबैसँगै नै थियौं। अहिले सरकारतिर फर्केर आरोप लगाइरहँदा विगतमा भएका रकमान्तरहरुलाई कसरी परिभाषित गर्ने त ? त्यसैले यो केवल आरोपका लागि मात्र आरोप हो भन्ने हाम्रो ठम्याई

छ। अब आयो, नियम विपरित भयो भन्ने सन्दर्भ, यही संसदले गत वर्ष विनियोजन विधेयक पारित गर्यो । जुन ऐनका रुपमा कार्यान्वयनमा आई पनि सकेको छ। त्यही विधेयकको दफा ५ को उपददफा ४ मा उल्लेख भएको प्रावधानलाई एकपटक हेरिदिन म प्रतिपक्ष दलका माननीय साथीहरुलाई अनुरोध गर्दछु, जसमा प्रष्ट रुपमा उल्लेख छ ।

यस ऐन बमोजिम स्वीकृत योजना तथा कार्यक्रम वाहेक थप कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरि स्वीकृती दिन सक्नेछ।

सभामुख महोदय,सभामुख महोदय मार्फत माननीय सदस्यज्युहरुलाई यो बजेटको सन्दर्भमा रचनात्मक सुझाव पाउने छु भन्ने अपेक्षाका साथ मेरा भनाईहरु यहीं वन्द गर्न चाहान्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलले मिति २०७८/३/०१ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/७९ को राजश्व र व्ययको अनुमान माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ–आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम, माननीय सदस्य श्री राजीव पाहारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय श्री बिष्णु प्रसाद लामिछाने।

**माननीय सदस्य श्री राजीव पाहारी**

माननीय सभामुख महोदय, असार १ गते अर्थमन्त्रीको पनि जिम्मेवारी लिनुभएका माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आर्थिक वर्ष ०७८/७९ को बजेट वक्तव्य यो सम्मानित सदनमा पेश गर्नुभयो र आज करिव करिव २८ दिनको अन्तरालपछि यो बजेट वक्तव्यमाथि छलफलमा हामी जुटेका छौं र नेपाल कम्युनिष्ट पार्टी एमालेको तर्फबाट यो बजेट वक्तव्यमाथि केही भनाईहरु राख्न चाहान्छु । सर्वप्रथम त माननीय अर्थमन्त्रीज्यूले पेश गर्नुभएको यो बजेट वक्तव्यले यो प्रदेशको विकासको निम्ति, समृद्धिको निम्ति कुनै आशा र विश्वासको रक्त सञ्चार

गर्न सकेको छैन। यो बजेट वक्तव्य एक हिसावले भन्दाखेरी कर्मकाण्डी खालको छ र यो बजेट वक्तव्य जुन आएको छ, अघि माननीय अर्थमन्त्रीज्यूले नि भनिसक्नुभएको छ ।

ऋणात्मक बजेट वर्तमान सरकारले प्रदेश सभामा पेश गरेको छ। बजेट यो यथार्थतीय धरातलमा भन्दा पनि शून्यतामा महल बनाउने खालको हिसावले आएको छ। प्रदेशका जनतालाई कसरी सुखी बनाउने, कसरी समृद्ध बनाउने भन्दा पनि यो गठवन्धनका दलहरुलाई र गठवन्धनका कार्यकर्ताहरु गठबन्धन भित्र रहेका पाटिका कार्यकर्ताहरुलाई कसरी खुशी बनाउने भन्ने ढङ्गबाट यो आएको छ। अझ अधुरा,अपुरा सपना बोकेर ल्याइएको यो बजेट यो कार्यान्वयन हुनुभन्दा पहिले यो बजेट वक्तव्य हेर्दाखेरी यो सफल हुन नसक्ने खालको छ । विहानीले दिनको संकेत गर्छ भनेजस्तै भविष्यमा कार्यान्वयन गर्न कठिन बजेटको रुपमा यो बजेटलाई लिन सकिन्छ र यो बजेटले खासगरेर अहिले कोरोना महामारीबाट जनता अत्यन्तै आहात छन् । कोरोना महामारीबाट आहात भएका जनतालाई बाढीपहिरोले थप मर्माहित बनाएको छ र कोभिडको कारणले जति पनि परिवारका सदस्यहरु गुमाएका छन्, उनीहरुले जुन दुःख कष्ट ब्यहोर्नुपरेको छ, कोभिड–१९ का कारणले उपचार नपाइरहेका व्यक्तिहरुको बारेमा यसको केही ठोस योजना छैन। बाढीपहिरो नियन्त्रण गर्न, रोकथाम गर्न त्यो विषयमा पनि यो बजेट वक्तव्यले खास त्यस्तो स्पष्ट मार्गदर्शन दिन सकेको छैन र कोभिड नियन्त्रण र रोकथामको लागि खासै यो बजेट वक्तव्यमा कुरा उल्लेख भएको अवस्था छैन । बजेटले कोभिडलाई प्राथमिकतामा राखेर प्रस्तुत नहुनु यो बजेट वक्तब्यको एउटा दुःखद पक्ष हो ।वर्तमान सरकारका अर्थमन्त्रीले पेश गरेको यो बजेट एकदमै हतारमा ल्याइएको छ । एक हिसाबले भन्दा उही हतपतको काम लतपत भनेजस्तो हिसावले यो बजेट आएको छ । गण्डकी प्रदेश यो पर्यटकीय दृष्टिकोणले पनि, सांस्कृतिक दृष्टिकोणले पनि, अन्य आर्थिक दृष्टिकोणले पनि एउटा महत्वपूर्ण प्रदेश हो, यसको प्रवर्धन गर्ने ठोस नीति, नियम आएको छैन, युवा स्वरोजगर कार्यक्रमलाई यो बजेट वक्तव्यले छायाँमा पारेको छ, त्यसमा कुनै त्यसमा त्यस्तो महत्व दिएको छैन । जनताको दैनिक जीवनस्तर उकास्ने कुनै पनि योजना छैन। बजेटको नाममा आएको यो बजेट आफैमा असफल खालको यो छ ।

माननीय सभामुख महोदय, वर्तमान बजेटमा वनस्पति, वन्यजन्तु संरक्षणका लागि कुनै व्यवस्था गरिएको छैन। कृषिलाई आधुनिकीकरण गर्ने कार्ययोजना छैन, सडक विस्तार तथा स्तरोन्नति अघिल्ला योजना जुन नेकपा एमालेको सरकारले ल्याएका थिए ती योजनाहरु अघि भन्न त माननीय मुख्यमन्त्रीज्यूले भन्नुभयो तर त्यो बिषयमा ठोस ढंगबाट कुराहरु आएका छैनन,

सालवसाली लगायतका महत्वपूर्ण योजना हरुलाई अनुसूचीमा राखिएको छ । त्यसलाई निरन्तरता दिने कुराहरु आएका छैनन् । वहुवर्षिय योजनाहरु पनि जुन हामीले निश्चित समयभित्र सम्पन्न गर्नुपर्नेछ, जुन यो प्रदेशका महत्वपूर्ण गौरवका योजनाहरु पनि छन् त्यसलाई निश्चित समयमा सम्पन्न गर्ने गरेर वहुवर्षिय योजनाहरुलाई यसले आत्मसात् गर्ने ठोस मूर्त ऊ ल्याउन सकेको छैन, तिनलाई संवोधन गर्न सकेको छैन र अघिल्लो सरकारले ल्याएका योजना एक घर एक धाराका कुरा हुन्, झेलुङ्गे पुल हुन्, उज्यालो प्रदेश लगायतका निर्माण योजनाहरुलाई वर्तमान सरकारले संवोधन त गरेको छ तर त्यसलाई निश्चित एउटा रोडम्यापै बनाएर त्यसलाई जुन ढंगबाट अगाडि बढाउनु पर्ने हो त्यो छैन ।त्यसर्थ, अब यो अर्को कर्मचारी विदा र भ्रमणका कार्यक्रम संघीय सरकारको बजेटमा समावेश कार्यक्रमलाई गण्डकी प्रदेश सरकाले यसलाई छोएको छ ।

वर्तमान बजेट मैले अघि पनि निवेदन गरिसकेँ, खास गरेर सरकारमा बस्ने राजनैतिक गठवन्धनका दलका कार्यकर्ताहरुलाई केन्द्रित गरेर, उनीहरुलाई पोस्ने गरेर यि बजेटहरु आएको छ । सरकारले बजेटमा उल्लेख गरेको पूर्वाधार विकास कार्यक्रमको नाउँमा आफ्नो राजनैतिक दलका कार्यकर्तालाई पोस्नेगरी पूर्वयोजनाका साथ, एकदम त्यो मिसनकासाथ यो लिएर आएको छ ।त्यसोभएर यो बजेट जनतामुखी भन्दा पनि कार्यकर्तामुखी हिसावले यो आएको छ । प्रदेशको उन्नतिमा कुनै पनि प्रभाव पार्न नसक्ने खालको यो बजेट वक्तव्य सरसर्ती हेर्दा देखिन्छ । प्रदेशको बजेट सम्बन्धी विवरणमा उल्लेखित तथ्याङकले बजेटलाई खट्टेबाडेजस्तै बाँडने गरेर नियोजित रुपमा यो आएको छ। वर्तमान सरकारको बजेटबाट कुनैपनि आशा, अपेक्षा मैले सुरुमैं भने एउटा उत्साह जागृत गर्ने खालको छैन। अहिले यो गठवन्धन जुन बन्दाखेरी जे जे कुरा वहाँहरुले यो सम्मानित सदनमा राख्नुभएको थियो। हाम्रो सरकार बन्यो भने हामीले यो गर्छौं,उ गर्छौं,यसो गर्छौं, उसो गर्छौं उ भनेर जुन खालका कुरा थिए, त्यो आकाशको फल आँखा तरी मर् भनेजस्तो एकदम ती सपनाहरु देखाउने जुन काम भएको थिए, अहिले यो बजेट वक्तव्य आउँदा एकदम निराशाजनाक, कुनै जनमुखी छैन यो। यो जनतालाई यसले निम्न वर्गका जनताहरु, दैनिक ज्यालादारीहरु, विपन्न वर्गलाई यो बजेटले कुनैपनि समेट्न सकेको छैन। अब शिक्षा, स्वास्थ्य, पर्यटन, रोजगार जस्ता जनतासँग प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रमलाई यो बजेटले न्यून रुपमा प्राथमिकता दिएको छ, यसबाट हेर्दापनि वर्तमान गठवन्धन सरकारले ल्याएको आर्थिक वर्ष ०७८/०७९ को यो बजेट आफैमा सुरुवातमै एउटा असफल बजेट जस्तो यो देखिन्छ र यो वर्तमान बजेट भनेको उही मैले अघि नै भनें कर्मकाण्डी खालको बिरालो बाँधेर

श्राद्ध गर्ने भने जस्तो खालको छ ।अब यो अघि नै कुरा आइसक्यो यो आफैमा घाटा बजेट हुनुले प्रदेश सरकारको नियत यसमा स्पष्ट हुन्छ ।

वर्तमान गठवन्धन सरकारी जसरी गठवन्धन भएको छ, त्यसैगरि गठवन्धनको योजना अनुरुप घाटा बजेट ल्याइएको छ । यो बजेटले समग्रमा गण्डकी प्रदेशको विकास निर्माण र जनताको दैनिक जनजीवनस्तर उकास्ने कार्यमा प्रभाव पार्न नसक्ने यो बजेटले सरसर्ती हेर्दा त्यो कुरा स्पष्ट हुन्छ ।

कार्यकर्तामुखी अधूरो र घाटा बजेट प्रस्तुत गरी प्रदेशको उन्नतिलाई पछाडि पार्ने संकेत गरेको देखिन्छ । अघिल्लो सरकारले तत्कालीन माननीय मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङको नेतृत्वको सरकारले जसरी यो गण्डकी प्रदेशलाई सुखी जनता समृद्धि प्रदेश बनाउने एउटा निश्चित लक्ष्य, निश्चित उद्देश्य लिएर अर्जुन दृष्टिका साथ अगाडि बढेको थियो ती सबैलाई गम्भीर रुपमा असर पार्ने र यो रनभुल्लमा पार्ने उही कार्यकर्तामुखी हिसावले यो बजेट आएको छ । समग्रमा भन्दा गण्डकी प्रदेशको वर्तमान गठवन्धन सरकारले ल्याएको बजेटबाट सकारात्मक खालको आशा र विश्वास गर्न सकिने खालको अवस्था यो देखिदैन । अर्को कुरा भनेको कतिपय सन्दर्भमा प्राकृतिक स्रोत, साधनको संरक्षण,संवर्धन गर्ने सन्दर्भमा फेवाताल लगायतका अरु प्राकृतिक श्रोत साधनहरुको संरक्षण,संवर्धन गर्ने कुरामा पनि यो बजेटले केही कुरा पनि बोलेको छैन। तसर्थ, यो बजेट सरसर्ती हेर्दा, सरसर्ती अध्ययन गर्दाखेरी, यो बजेट एक हिसाबले भन्नुहुन्छ भने न हाँसको चाल न बकुल्लाको चाल, कुनै उत्साह एउटा गति प्रदान गर्ने, प्रदेशलाई यसरी लैजान्छौ भन्ने एउटा रोडम्याप नभएको यो एउटा चोकमा उभिएर गन्तव्य पत्ता लगाउन नसकेको गन्तव्यहीन यात्री जस्तो यसले कुनै एउटा वे नै नभएर आफैमा अलमलमा परेको जस्तो यो बजेट वक्तव्य मैले सरसर्ती अध्ययन गर्दा यो देख्छु र यो अर्को भणेको कार्यान्वयन गर्न पनि अति कठिन खालको छ यो बजेट वक्तव्य,सरसर्ती पढ्दा अब त्यो रातो किताव हेरिसकेपछि हरेक कुराहरु हेर्दा धेरै कुराहरु आउला, एकदम कनिका छरेझैं छर्ने तर त्यो कार्यान्वयन हुन नसक्ने खालको हिसावले यो बजेट वक्तव्य आएको छ।तसर्थ, यो बजेट वक्तव्यलाई म त माननीय मुख्यमन्त्रीज्यु जसले अर्थमन्त्रीज्युको पनि जिम्मेवारी लिनु भएको छ, एकचोटी रिराईट नै गर्नु पर्छ कि जस्तो लाग्छ, यो बजेट वक्तव्य हेर्दा ! उहाँले पनि भन्नुभएको हतारहतारमा ल्याएको भनेर, त्यसो भएर यसलाई हाम्रो दलको तर्फबाट नेपाल कम्युनिष्ट पाटी एमालेको तर्फबाट समर्थन गर्न सकिने अवस्था सिर्जना भएन किनभने हाम्रो पहिलो प्राथमिकता भनेको

जनता हुन् ।**(सभामूख बाट समय सकिएको जानकारी)**तसर्थ, यही कुरा राख्दै विदा हुन्छु। धन्यवाद ।नमस्कार !

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री दिपक कोईराला।

**माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने**

माननीय सभामुख महोदय, आज हामी माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री कृष्णचन्द्र नेपालीज्यूले आर्थिक वर्ष २०७८/०७९ को लागि प्रस्तावित बजेटमाथि छलफल गरिराखेका छौं। मुलुक कोरोनाको महामारीले आक्रान्त बन्यो, त्यस्तै गएर पछिल्लो पटक मुलुकमा आएको बिशेष गरेर गण्डकी प्रदेशमा आएको अविरल वर्षाको कारणले धेरै क्षति पुर्याएको छ। म त्यतातिर गम्भिर हुन माननीय सभामुख मार्फत प्रदेश सरकारलाई हार्दीक अनुरोध गर्दछु। वास्तवमा अघि माननीयजीले भनेर जानुभएको छ,यो बजेट हामीबिच आएको छ, केही कुराहरु वहाँले भनेका कुराहरु मैले स्वीकार्नु पर्दछ। सडकबाट शपथ, शपथ पछि तत्कालै नीति कार्यक्रम र तत्कालै बजेट ल्याउन यो सरकार वाध्य भयो। त्यो वाध्य हुने परिस्थिति सृजना गरियो। त्यो थाहा थियो,त्यही हुन्छ भन्ने कुरो थाहा थियो, थाहा हुँदाहुँदै पनि कहीं न कहीं त्यो वाध्य बनाइयो । त्यसकारण यसमा भएको बजेट मैले समर्थन गरेको सरकारले ल्याएको भनेर सबै पूर्ण छ भनेर मैले पनि भन्दिन तर म ढुक्क तालले के भन्न सक्छु भने, यो बजेटमा हिजोका बजेट जस्तो सपना बाँड्ने खाले बजेट भन्दा पनि यो बजेट तथ्यपरक छ भन्ने मलाई लाग्छ। घाटा बजेटको कुराहरु आएको छ । हो, घाटा बजेट यो धेरै ठाउँमा चलन छ तर हिजोको बजेट भन्दा यो तथ्यपरक छ र हाल प्रमुख प्रतिपक्षकोरुपमा बस्दै गरेको दलको सरकारले ल्याउन खोजेको झण्डै झण्डै त्यो ३८ अरबको बजेट त्यो घाटा बजेट थियो, सपना बाँड्ने थियो या ३० करोडको यो बजेट तथ्यपरक हो ?बुझ्न जरुरी छ। वास्तवमा काम सबैले गर्ने हो, सरकार जुनसुकै आए पनि, सत्तामा जोसुकै बसे पनि, र प्रतिपक्षमा जोसुकै रहँदा पनि हिजै देखिको हाम्रो एउटा अभ्यास छ यो प्रदेशलाई समृद्धि प्रदेश बनाउनको लागि हामी सँगसँगै हिंड्नु पर्छ भन्ने हिजै हामीले एउटा संकल्प गरेका छौं ।

आज पनि यो गठवन्धनको सरकार हुँदा पनि त्यो संकल्पलाई भुल्न हुँदैन, भुलेको छैन र हामी सँगैसँगै हिंड्नु पर्छ भन्ने मान्यता यो बजेटभित्र देखिन्छ। त्यसको ज्वलन्त उदाहरण भनेको के

हो त भन्दा अघिल्लो सरकारले ल्याएका राम्रा कार्यक्रमहरु यो सरकारले फालेको छैन । कतिपय हिजोदेखिका ती बजेट,कार्यक्रमहरु साझा संकल्पको रुपमा आएको थियो, त्यसैले सत्ता परिवर्तन हुँदा पनि ती राम्रा कार्यक्रमहरु यो बजेटले ती राम्रा कार्यक्रमहरुले निरन्तरता पाएको छ।हामी सँगै हिड्नु पर्छ भन्ने मान्यता राख्छौं। त्यस्तै गरी हामीलाई अहिले सबैभन्दा बढी आक्रान्त बनाएको कोरोनाले हो ।हामीले अघिल्लो पटक पनि पटक पटक भन्यौं, वास्तवमा कोरोना महामारीले यति उग्र लियो, जनतालाई बचाउनु सबैभन्दा पहिलो कर्तव्य सरकारको हो भन्यौं ।हामी प्रतिपक्षमा हुँदा पनि त्यही कुरा गर्यौं, म सरकारलाई धन्यवाद दिन चाहान्छु म यहि रोष्ट्रमबाट धेरैपटक कोरोनाबाट जनतालाई बचाउ, पहिलो काम बरु बिकास भोलि हुँदै गर्ला पहिलो काम सरकारको भनेको जनता बचाउने हो भनेर मैले पटक पटक भन्ने गरेको थिएँ,आज यो सरकारले कोरोनालाई प्राथमिकतामा राखेर बजेट ल्याएको छ । यो प्रदेशका सबै नागरिकलाई भ्याक्सिन उपलव्ध गराईनेछ भनेको छ।

पहिलो काम जनतालाई बचाउने हो ।त्यस्तै वास्तवमा कोरोना बाट प्रभावित भएकाहरु, कोरोनाकै कारणले आफ्ना अभिभावक गुमाएका बालबालिकाहरुलाई उनीहरुलाई मासिक भत्ताको व्यवस्था गरेको छ यो सरकारले र जुन बालबालिकाले कोरोनाकै कारणले जुन परिवारले आफ्नो सदस्य गुमाएको छ,उसलाई पनि राहतको व्यवस्था गरेको छ । अंकमै तोकेको छ ५ हजार र सामाजिक सुरक्षा भत्ता अन्तर्गत ५हजार र परिवारको सदस्यको लागि ५० हजार भनेर त्यो कोरोनाबाट त्रसित परिस्थितिलाई, समाजलाई अलिकति राहत दिने काम यो बजेटले गरेको छ ।

त्यस्तै उद्योगधन्दा, कलकारखानाहरुलाई यो कोरोनाको कारणले उद्योगधन्दा, कलकाखानाहरु ठप्प भएको अवस्था छ,त्यसलाई पूनर्स्थापाना गर्नुपर्छ, त्यसलाई संचालनमा ल्याउनु पर्छ ,त्यसलाई राहत दिनुपर्छ भनेर पनि यसले व्यवस्था गरेको छ।त्यस्तै गरेर उपचारकै क्रममा क्यान्सरै भएको कारणले धेरै हाम्रा आमा दीदिबहिनीहरुले ज्यान गुमाउन पुग्न परेको अबस्था छ। पैसै नभएको कारणले क्यान्सरजस्तो जटिल रोगसँग भिड्न नसकेर धेरैले मृत्युवरण गर्न परेको छ । त्यस्तो अवस्थामा त्यसरी मर्न नपरोस् गण्डकी प्रदेशका कुनैपनि आमाहरु, कुनैपनि दिदीबहिनीहरु त्यो अबस्थाबाट मर्न नपरोस् भनेर स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायत क्यान्सरबाट हुने रोग त्यसको उपचारमा लाग्ने खर्च गण्डकी प्रदेश सरकारले व्यहोर्ने भनेको छ ।यसले जो महिला दीदिबहिनीहरु अहिले पनि तडपेर बसिरहनु भएकोछ पैसाकै कारणले उपचार गर्न नपाएर बसेको परिस्थीति छ, ब्यबस्था गरेको छ त्यस्तै ६५ वर्ष भन्दा

माथिका हाम्रा अभिभावक, हाम्रा अग्रज जसको कारणले हामी यहाँ छौं, उहाँहरुको औषधी उपचारमा निःशुल्क गर्ने भनेर यो सरकारले व्यवस्था गरेको छ ।

त्यस्तै हामीले समाजका विपन्न वर्गलाई अझै उठाउन सकेका छैनौं, तिनलाई ठोस कार्यक्रम हामीले दिन सकेका छैनौं, यो सरकारले त्यो गर्नुपर्छ त्यो विपन्न परिवारसँग यो सरकार नजिक हुनुपर्छ, जिम्मेवारी निर्वाह गर्नुपर्छ भनेर "विपन्न वस्तीमा मुख्यमन्त्री" कार्यक्रमको व्यवस्था गरेको छ, यो बजेटले जुन कार्यक्रमको माध्यमबाट विपन्न परिवारलाई, विपन्न वस्तीलाई माथि उठाउने काम गर्छ । त्यसले यिनीहरुको आर्थिक स्तर, सामाजिक स्तर लगायतका गतिविधिलाई प्रभाव पार्छ, अगाडि बढाउछ भन्ने मलाई लाग्छ । हामी शहिदलाई, शहीदका बारेमा धेरै कुरा गर्छौं हामीले यथोचित सम्मान गर्न नसकेको परिस्थीति हो यो बजेटले ती सहिदहरुलाई पनि सम्झेको छ। हरेक जिल्लामा सहिदलाई संझिने ठाउँ हुनुपर्छ, त्यसैले हरेक जिल्लामा सहीद स्मृति पार्क बनाउनु पर्छ भनेर सहिदहरुलाई सम्मान गर्ने प्रयास पनि यो बजेटले गरेको छ ।"त्यस्तै सक्षम महिला समानान्तर पाइला" भनेर महिलाहरुलाई अगाडि ल्याउने काम पनि यो बजेटमा व्यवस्था गरिएको छ ।

त्यसैले युवाहरुलाई "उद्यमी युवा समृद्ध प्रदेश निर्माणमा टेवा" भनेर युवाहरुलाई रोजगारीको व्यवस्था गर्ने, उनीहरुलाई स्वदेशमै काम गर्ने वातावरण बनाउने भनेर पनि यो बजेटले बोलेको छ ।कृषिमा आत्मनिर्भर हुनु पर्छ हामीले अब यही गण्डकी प्रदेश कृषिमा आत्मनिर्भर हुनु पर्छ भनेर कृषिलाई महत्वकोसाथ यो बजेटमा गरिएको छ । त्यसैले मैले निरन्तर भएका कार्यक्रमहरुलाई यहाँ मैले कुरा राखिन, जे कुराहरु, नयाँ कुराहरु यो बजेटमा ब्यबस्था गरेको छ मैले अघि नै निवेदन गरें हामीले धेरै कार्यक्रमहरु निरन्तरता गरेका छौं। पुराना कार्यक्रमहरुलाई निरन्तरता दिएका छौं। त्यो बाहेक पनि यो प्रदेशलाई समृद्ध प्रदेश बनाउनको लागि यो बजेटले व्यवस्था गरेको हुँदा, म आँफु र मेरो दलको तर्फबाट यो बजेटको पूर्ण समर्थन रहेको जानकारी गराउँदै बिदा हुन्छु। धन्यवाद। जय नेपाल ।

**माननीय सभामुख**
माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री पियारी थापा ।

**माननीय दिपक कोइराला**

माननीय सभामुख महोदय, अर्थ मन्त्रालयको समेत जिम्मेवारी लिनुभएका माननीय मुख्यमन्त्रीद्वारा असार १ गते प्रस्तुत यो ०७८/०७९ को बजेट वक्तव्यको बारेमा हामी छलफलमा छौं । यो बजेट वक्तव्यमा छलफलमा प्रवेश गर्दा यो बजेट वक्तव्यको बारेमा धेरै कुराहरु, टिका टिप्पणीहरु संसादमा या बाहिर या राजनीति हिसावले अरु धेरै हिसावले भइरहेको छ,त्यतातिर जाने त मेरो आशय होइन,तर हामीले जुन अवस्थामा, जुन सन्दर्भमा, अघिल्लो सरकारले जुन समयमा नयाँ सरकार बनाउने जुन अवस्था सृजना भयो र त्यो केही घण्टाको बिचमा बजेट बक्तव्य बनाउनु पर्ने, नीति कार्यक्रम बनाउनु पर्ने जुन अबस्था शृजना भयो, त्यो अबस्थालाई हेऱ्यो भने, त्यो समय अबधीलाई हेऱ्यो भने मलाई लाग्छ, यति यो भन्दा उत्कृष्ट बजेट वक्तव्य अरु आउँदै आउँदैन ।

कहिलेकाहीँ म यसो हेर्छु, माननीज्यूहरुले, साथीहरुले, बाहिर पनि सञ्चार माध्यमहरुमा पनि, मलाई लाग्छ यो बजेट वक्तव्य हो, यो विनियोजन विधेयक होइन, वार्षिक किताब पनि होइन, यसमा कनिका छरेजस्तो बजेट आउने कुरा पनि भएन, बजेट कहाँ पर्यो या कहाँ परेन भनेर निकै व्याख्या गरिरहनु भएको छ, त्यो व्याख्या हुनेपनि होईन, यो खालि के भने वजेट बक्तव्य हो यसमा मुलभूतरुपमा अनुमानित बजेटको अंक आउँछ र मूल खर्च हुने बजेट आउँछ, मुलरुपमा वजेट आउँछ। बाँकि कामहरु मसँग एउटा पुरानो बजेट वक्तव्य रहेछ, मैले यसो हेर्दै जाँदा यसो फेला पारें जुन बजेट वक्तव्य १३५ बुँदाको छ । त्यो बजेट वक्तव्यमा जम्मा २० वटा शीर्षकमा मात्र बजेट छुट्याइएको छ ।

त्यसकारण मलाई यो लाग्यो, मैले हेरें, साँच्चै यो हाम्रो अहिलेको वर्तमान सरकारले प्रस्तुत गरेको बजेट कतै निवन्ध जस्तो, कतै के अरु अरु कुराजस्तो भनेर व्याख्या भएजस्तो कि भएछ कि भनेर बेलुका यो चर्चा भइसकेपछि घर गएर मैले पुरानो बजेट वक्तव्यहरु हेरें, एउटा बजेट वक्तब्य यो भन्दा अघिल्लो सरकारकै पालामा आएको बजेट वक्तव्यमा १३३ वटा बुँदामा भएको बजेट वक्तव्यमा २० वटा शिर्षकमा मात्रै वजेट विनियोजन गरेको छ माननीयज्यूहरु।बाँकी मैले पढेअनुसार ७२ वटा ठाउँमा व्यवस्था मिलाएको छु भनिएको छ, ७२ वटा ठाउँमा ब्यबस्था मिलाएको छु बाँकी चाहिने पहल गरिने छ, पहल गर्ने व्यवस्था मिलाएको छु, रकमको व्यवस्था गरेको छु, आवश्यक रकमको व्यवस्था गरेको छु भनेर बाँकी सबै बुँदाहरु सकिएको छ। त्यसकारण यो एकदमै अघिल्लो सरकारले बजेट वक्तव्य निकै सबै एक एक रुपैयाँ हिसाव गरेर, हरेक बुँदामा पैसा हालेर बजेट छुट्याएर ल्याएको तर यो सरकारले बजेट बनाउनै नजानेको,यो बजेट बनाउनै नजान्नेहरुको सरकार ,यो बजेट वक्तव्य

नै भएन हैन यो केके भयो अरु अरु कुरा भयो भनेर व्याख्या गर्ने गरिएको कुरा यो अलिकति पूर्वाग्रही नै हो कि जस्तो मलाई लाग्छ ।

त्यो तथ्यले पुष्टि हुनुपर्‍यो,मैले भँन्न खोजेको त्यसमा तथ्यमा हामी जाऔं न ! तथ्यमा जाँदा के हो भने बजेटको सारांश यसमा आएको छ, अघि नै पनि यहाँ व्याख्या भयो। सारांश भनेको के हो भने ३० अरव ३ करोड ९४ लाख २७ हजार रुपैयाँ यसको खर्च हुने अनुमान हो यो त अनुमानित बजेट हो, खर्च हुने अनुमान गरेको छ यसले। १३ अरव ६ करोड ४६ लाख ४३ प्रतिशत पूँजीगत तर्फ त्यसपछि यो बित्तीय व्यबस्थापन तर्फ यसले जे कुरा भणेको छ,मैले यसको व्याख्या गर्न खोजेको होइन, किनकि ! खाली विषयहरु उठिराखेको भएर मात्रै मैले भन्न खोजेको हो ।

१०५ र १०६ नम्बर बुँदामा खास बजेट हो । १०५ नम्बर बुँदा र १०६नम्बर बुँदा पढिसकेपछि यो बजेटमा अंक आयो कि आएन भनेर यहाँ धेरै हिसाब गरिरहनुपर्छ जस्तो मलाई लाग्दैन। यहिँ छ अंक सबै छ,बजेट हामीले खर्च गर्ने कति हो हामीलाई बिभिन्न शिर्षकमा आउने अनुदान कति हो अनि हामीलाई अपुग भएको यहाँ ऋणात्मक बजेटको बारेमा पनि चर्चा भयो, मलाई अघिल्लो सरकारले पनि मलाई लाग्छ नाफाको बजेट ल्याएको थिएन,हामि नै थियौं, यहि सदनमा छौं, ऋणात्मकरुपमा बजेट आउँदैन भन्ने कुरा होइन, अब बजेट घाटामा हुँदैन भन्ने कुरा पनि होइन । यो वजेटको तात्कालिन अवस्थाको कुरो हो राजनितिक पार्टिहरु या सरकार या तात्कालिन आफ्नो अर्थतन्त्र, अथवा सम्भावित कुराहरु आगामि १ वर्षको हो यो अर्को बर्षको असार मसान्त सम्मको बजेट हो यो। यो आज नै सबै कुरा भैहाल्ने होईन । हामीले भनेको २ अरव रुपैयाँ ऋण लिनु पर्छ कि पर्दैन त्यो त भोलि हामीले संकलन गर्ने राजश्वको लक्ष्य पूरा भयो भने या अरु पनि हामिले आम्दानीका श्रोत, नयाँ नयाँ ठाउँहरु पहिचान गर्‍यौं भने त्यो त लिनुपर्छ भन्ने अबस्था पनि होइन, हामीले भएजति सबै बजेट खर्च गरेका छौं त ?

त्यसो भए हामीले असार १ गते पेश गरेर पास गरेको बजेट अघिल्ला सरकारहरुका सबै वजेट १०० प्रतिशत कार्यान्वयन भयो त! किन भएन त, त्यो त अनुमानित हो नि, कार्यान्वयन भएन त्यसकारण त्यो अघिल्ला वजेटहरु गलत थियो, त्यो सही अनुमान भएन,तथ्याङ्कमा आएन भनेर आज भन्यो भने त्यो गलत हुन्छ। यो अनुमानित वजेट हो, अनुमानित हो यो तर अनुमान भित्र पनि त्यसका केहि तथ्यहरु, त्यसका आधारहरु हुन्छन, फरक कुरा त्यत्ति मात्रै हो ।त्यो

आधारहरुको आधारमा यो बजेट वक्तव्य आयो  कि आएन भनेर हेर्ने मेजर कुरा हो । त्यसकारण मलाई लाग्छ ती सबै तथ्याङ्कहरुको तथ्याङ्कहरुलाई बैज्ञानिक हिसाबलेसर्बेक्षन गरेर यो वजेट आएको छ त्यसकारण यो एउटा जुन समयमा हामिले बजेट वक्तव्य बनाउनु पर्ने थियो, या सरकारले बनाउनुपर्ने थियो त्यो समय अवधीभित्र आउने यो उत्कृष्ठ बजेट वक्तव्य हो यो भन्दा उत्कृष्ट बजेट वक्तव्य आउँदैन। त्यसकारण मलाई अब धेरै अब देश विदेशका अनुभव त छैनन तर मैले हाम्रै देशको संघीय सरकारको या प्रदेश सरकारको यो भन्दा अघिल्ला बजेटहरु सबै कुरा हेर्दा सबै हेरें,साँच्चिकै यो एउटा निबन्धै भएर आएको छ त ! भनेर निकै घोत्लिएँ म पनि हेरें तर त्यस्तो होइन रहेछ, यो तथ्यमा छ। यो जे बजेट आउने हो त्यहि नै हो भोलि अरु सरकारमा आए पनि बजेट आउने यसैगरि हो बजेट बक्तब्य आउने! तर अब विनियोजन विधेयकमा पनि हाम्रो वार्षिक रातोकिताब वार्षिक कार्यक्रम पूस्तिकामा पनि हामिले अनुमानित वजेट गर्‍यौं , त्यहाँ वजेटको व्यबस्था गरिने छ भनेर नै फेरि त्यही ७२ बुँदामा लेख्न थाल्यौं भने  गलत हो, त्यो त हाम्रो आउन बाँकि नै छ ।

त्यसकारणयी तथ्यहरुका आधारमा त्यो आउँछ नै भन्ने लाग्छ। त्यसकारण मलाई यो बजेट वक्तव्य उत्कृष्ट  छ भन्ने नै म ठान्दछु। त्यसकारण पनि अब यसमा के आए के आएनन अब यहाँ  आएकै कुरा पनि स्वास्थ्य क्षेत्रमा या कोभिडको क्षेत्रमा काम गर्ने सन्दर्भको या कोभिडमा सरकारले ध्यान दिएन भन्ने कुराहरु पनि आएका छन, हैन अब कोभिडमा ध्यान दिएको छ कि छैन भन्ने कुरा यि यसका शिर्षकहरुले नै तथ्यहरुले नै पुष्टी गर्लान,झण्डै १४ वटा बुँदामा यहाँ स्वास्थ्य र कोभिडसँग सम्बन्धित मात्रै कार्यक्रम आएको छ।

शिक्षा प्रबिधिको क्षेत्रमा कार्यक्रम छैन, सामाजिक सुरक्षा श्रम तथा रोजगार  र संस्कृतिको क्षेत्रमा झण्डै २० वटा बुँदा देख्छु म ! युवा तथा खेलकूद !  यूवाहरुको बारेमा पनि कुरा उठ्यो, यहाँ युवा पलायनतालाई रोक्ने यो आशै जगाएन यसले,नयाँ पुस्तालाई भन्ने पनि व्याख्या भयो, युवा तथा खेलकूदको क्षेत्रमा या युवाहरुको क्षेत्रमा यहाँ उद्यमि युवा सम्वृद्ध प्रदेशको कुरा गरौं या शिप दक्ष र रोजगारी युवा पलायन रोक्ने हाम्रो जिम्मेवारिको कुरा गरौं,खेलकूदको बिकासको सन्दर्भको कुरा गरौं। भूमिव्यबस्थाको क्षेत्रमा मात्रै झण्डै १२/१३ वटा बुँदा छ। पर्यटन प्रवर्धनको कार्यक्रम पनि यहाँ ५८ देखि ६२ सम्म छँदैछ,उद्योग तथा आपूर्तिको कुरा पनि झण्डै यहाँ बुँदा ६९ नम्बर सम्म छ। बन, वातावरण तथा भू-संरक्षणको कुरा पनि यहाँ ७० देखि ७५ सम्म बुँदा छ। सडक,पुल तथा पूर्वाधारको क्षेत्रमा अघिल्ला सरकारहरुले भनेका प्रदेश गौरवको सडक,१ निर्वाचन क्षेत्र १ सडक, रणनितिक महत्वका सडक,स्थानीय तह केन्द्र

जोडने सडक, बिभिन्न प्रादेशिक सडक, सडक, पुल निर्माणका कार्यलाई समयमै सम्पन्न गर्न आबस्यक बजेटको विनियोजन भनेकै छ, यो अघिल्लो सरकारको कार्यक्रम हो यसलाई हामीले के लुकाउनुपर्ने ,छिपाउनुपर्ने केहि छंदैछैन,अब भवन, यातायात ब्यवस्थापनको क्षेत्रमा, उर्जा खानेपानीको क्षेत्रमा, सुशासनको क्षेत्रमा,सञचार शान्ति , सुरक्षाको क्षेत्रमा के के कुन क्षेत्रमा यसले समेटेको छैन र भन्नु त ! सबै क्षेत्र यसले समेटेको छ।

अब मेरो कुरा के छ भने त्यसकारण यो हाम्रो समय,सिमाभित्र आउनुपर्ने , आजको हाम्रो अर्थतन्त्र, आजको हाम्रो संघीय सरकार, आजसम्म रहेको संघीय सरकार , प्रदेश सरकारहरुलाई हेर्ने दृष्टिकोण, उसले गर्ने वजेट विनियोजन , त्यो सबै कुराहरुलाई जोडेर ल्याउँदा यो वजेट एकदमै वस्तुपरक वजेटकोरुपमा आएको छ।अब अपेक्षाको कुरा गर्नुहुन्छ भने मेरो अपेक्षा के थियो भने के छ भने तर त्यसको लागि यो कुनै सरकार वा एउटा सरकारपक्ष या कसैले गरेर मात्रै हुँदैन, यो सिंगो प्रदेशको एउटा संकल्प हुनुपर्दछ। म अर्थसमितिमा बसेर पनि पछिल्लोपटक, दुवैपटक सरकार , सरकारसँग सहकार्य गर्ने या सत्तापक्षको सांसदको रुपमा सरकारको बजेट, कार्यक्रम, नीति निर्माणको तहमा अघिल्लो सरकारको बेला या यो सरकारको बेला या समितिको हिसाबले पनि अर्थ समितिको रुपमा काम गरिरहँदा मैले गरेको अनुभव र अपेक्षा के छ भने आज हामीसँग जुन ३० अरवको बजेट छ त्यो १०० अरवको हुनुपर्छ,आजको प्रदेशको वास्तविकता हेर्ने हो भने।आजको प्रदेशको आकांक्षा पूरा गर्ने हो भने, हाम्रो वास्तबिकता त्यहाँ छैन, हाम्रो वास्तबिकता हामी ३० अरबमा छौं ।३० अरब नै सही हो तर हामीले यदी आजको हाम्रो प्रदेशको आकांक्षा पूराका पूरा, पूरा गर्ने हो भने हामी १०० अर्वको बजेटमा जानुपर्छ तर त्यसमा के छ भने आजको जुन हाम्रो चालु खर्च छ, आजको जुन प्रशासनिक खर्च छ, त्यो खर्च त्यहीं राखेर फेरि त्यो जुन जति खर्चमा प्रशासनिक या हामि चालु खर्च चलाउँछौं त्यहि राखेर बाँकी रहेको १०० अर्वको बिकास बजेट बनायौं भने आज हामी सबैको अपेक्षा पूरा हुन्छ तर त्यो एक्लै हुँदैन।त्यो प्रदेशको एउटा संकल्प चाहिन्छ।

म भन्छु सत्तापक्ष, प्रतिपक्ष या सबै पाटिहरु मिलेर एउटा संकल्प गरौं कि हामी त्यो हाम्रो बजेटलाई त्यहाँ कसरि पुऱ्याउन सकिन्छ ? त्यो त बजेट सानो आउनु बजेट सानो आउनु या बजेट कम आउनु खालि सत्तपक्षको मात्रै कमजोरीको कुरा होईन,यो त सिंगो प्रदेशको हो नि ! प्रतिपक्षको पनि यहाँ सबै राजनितिक पार्टीहरुको कुरा हो नि त्यो त ! किन यो बजेट कार्यान्वयनले यो बजेट कत्रो आउँछ भन्ने कुराले यसको कार्यान्वयनको कुराले यो प्रदेशको

गौरब माथी लाने कुरा हो खाली कंग्रेश, माओवादी या जसपा या राजमोको मात्रै लाने होईन, एमालेको पनि सँगसँगै लाने हो, यो समग्र प्रदेशको राजनितिक अबस्थालाई अगाडी लैजाने हो।राजनिति प्रतिको विश्वास पैदा गर्ने हो,यो खालि हामीले छुट्ट्याएर हेऱ्यौं, छुट्ट्याएर हेर्नु पनि हुँदैन यस्ता कुराहरु! किनकि यसको कार्यान्वयनको कुराले आज वास्तविक धरातलमा टेकेर यो बजेट  आएको छ भन्ने कुरा के हो भने हामी एकदम सानोरुपमा घाटा बजेट,र एकदमै सानोरुपमा हामिले ऋण अनुदान, ऋणको कुरा गऱ्याछौं त्यसकारण यसलाई हामीले राजनितिक आकांक्षा मात्रै पुरा गर्ने हो भनेयो बजेट झण्डै ४० अर्व सम्म जान सक्थ्यो किनकि ३८ अरबको झण्डै तयारी भैराखेको थियो त्यसमा ३ अरब थप्दा ४० अरब जान सक्थ्यो। हामी अघिल्लो वर्ष भन्दा ४ अरब कम, अघिल्लो सरकारले तयारि गरेको भन्दा झण्डै ८ अर्व कमको बजेट बनाउँदैछौ भने यो महत्वाकांक्षी पनि छैन यो बजेट।

यो बजेटले बास्तविक धरातलमा टेक्छ भन्ने तथ्य हो यो। किन हामी राजनिति गर्नेहरु हामीलाई अलि ठूला ठूला सपना बाँड्न पाए, हामिलाई अलि धेरै कुराहरु गर्न पाए हुन्थ्यो भन्ने स्वभाबिक कुरा हो,तर के भने तथ्यमा टेक्दा हामि हिसाब गर्नुपऱ्यो। क्याल्कुलेटरले गर्ने कुरा हो,राजनितिक भाषणले मात्रै गर्ने कुरा होईन,यो बजेटको कुरो क्याल्कुलेटरमा पनि हिसाब गर्नुपर्छ।हाम्रो आफ्नो बास्तविकता के हो, बास्तविक धरातल के हो, आजको हाम्रो आर्थिक श्रोतहरु के हुन भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ र म के अन्तिममा के कुरा अनुरोध गर्दछु भने मैले अघि भने जस्तै यो ३० अरबलाई बढाएर १०० अरबको बजेट ल्याउन ,बजेट वनाउनका लागि के गर्नु पर्छ हामी सबै मिलेर एउटा साझा संकल्प गरौं ।हाम्रा प्रदेशभित्र भएका थुप्रै,मैले ३ वर्षमा अस्ती सोधें हाम्रो अर्थ मन्त्रालयलाई,यो ३ वर्षमा तपाईंले नयाँ, नयाँ हाम्रो ईन्कम शोर्ष के खोज्नुभयो?

के खोज्यो त हाम्रो प्रदेश सरकारले भन्दा केही पनि छैन। यो बजेट जुन थियो त्यो कार्यान्वयन गर्दैमा समय गयो कसैले रिसर्च गर्दैन।हामी रिशर्च गर्दैनौं।त्यसकारण मेरो भनाई के छ भने हामी रिशर्च गरौं र एउटा **(सभामूख बाट समय सकिएको जानकारी)** बजेटको आकार बढाऔं ।तर आजको बास्तबिकतामा यो बजेट, आजको जुन बजेट वक्तब्य आएको छ त्यो भन्दा अर्को वैज्ञानिक राम्रो बजेट आउने अबस्था छैन,यो एकदमै उत्कृष्ट बजेट वक्तब्य हो,यसको समर्थन गर्दै बिदा हुन्छु ।धन्यवाद ।

**माननीय सभामुखः**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, यतिबेला हामी प्रदेश सरकारले प्रस्तुत गरेको बजेट वक्तव्यको उपर हामी छलफलको क्रममा जुटेका छौं र यो छलफलमा आफ्ना भनाईहरु राख्नका निमित्त समय प्रदान गर्नुभएकोमा सभामुख प्रति हार्दिक धन्यवाद ज्ञपान गर्दै मैले आफ्ना भनाईहरु राख्ने अनुमति चाहान्छु। सर्वप्रथम त बजेट वक्तव्य प्रदेशको समग्र प्रदेशवासीहरुको जीवनमा एउटा परिवर्तन गर्ने र यस समृद्धिमा टेवा पुर्याउने र यो समग्र प्रदेशको विकासको एउटा गतिलाई एउटा उत्कृष्ट विन्दुमा लैजानका निमित्त एउटा प्रतिध्वनिको रुपमा बजेट वक्तव्य आउनु पर्छ, मैले त्यो बुझेको छु। बजेट वक्तव्यको आधारमा प्रदेशवासीहरुको जीवनस्तर वृद्धि गर्ने, आधारस्तम्भ निर्माण गर्ने दायित्व प्रदेश सरकारको हो ।

नीति कार्यक्रम, सिद्धान्त र प्राथमिकता र बजेट वक्तव्यको आधारमा वार्षिक कार्यक्रमको निर्माण हुने प्रक्रिया हुन् । आज सम्मको प्राक्टिसमा नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा तामझाम हुने तर वार्षिक कार्यक्रमहरु शक्ति केन्द्र वरिपरि घुम्ने, अर्थात सरकारमा नेतृत्व गर्ने सीमित व्यक्ति वरिपरि बजेट घुम्ने प्रवृत्तिले सन्तुलित र समन्वय हिसावले बजेट विनियोन हुन नसक्ने विषय हिजोको दिनले पनि देखाएको छ, त्यसकारण यसबाट मुक्त हुन आवश्यक सर्त देखिएको छ । पहुँचको शासनले न्यायोचित वितरणको अभ्यासलाई लंगडो बनाएको मेरो बुझाई छ । त्यसकारण यसतर्फ सबैको ध्यान पुगोस्, प्रदेश सरकारको पनि ध्यान पुगोस् मैले यो सुझाव दिन चाहान्छु । यस बजेट वक्तव्यमा आफ्ना सुझावहरु राख्न चाहन्छु।

कोरोनाको कारण स्वास्थ्यले पहिलो प्राथमिकता पाएको छ । यो दिगो र जीवन्त हुन आवश्यक छ । आज मन्दिर बनाउने पैसाले प्रदेशमा सरकारी हस्पिटलहरुको ब्यवस्थापन गरौं, आज भ्यूटावर बनाउने पैसाले एउटा विद्यालय बनाउँ,सरकारी विद्यालयहरु बनाऔं। बनाउने कुरालाई हामीले विशेष ध्यान दिनु आवश्यक छ रपक्कै पनि रोगका कारणले तत्काल मृत्युवरण गर्ने र पैसाकै कारणले गर्दाखेरि स्वास्थ्योपचार नपाउने वर्गको कल्याण त्यतिखेर हुनेछ मैले यो सुझाव दिन चाहान्छु । रोजगारी तथा राहत तथा पुनस्थापना गर्नका निमित्त कोभिडको वदौलत भन्नु पर्छ, आज विश्वकै जनजीवन असमान्य भएको छ, यसको मारमा हामी पनि छौं । यसको समस्या सामान्यतया श्रमबजारमा थपिने श्रमशक्तीको संख्यामा बृद्धि भएको छ र यस्तो बेलामा प्रदेश सरकारले बेरोजगारी समस्या हल गर्नका निमित्त वृहत कार्यक्रम ल्याउन आवश्यक छ ।

हामीले हरेक वस्तु तथा सेवाहरुको आयात गर्दछौं। हाम्रा श्रमशक्तिलाई निर्यात गरेर रेमिटयान्सको माध्यमबाट देशको समृद्धि खोजिरहेका छौं जबकि ! जति अन्य मुलुकबाट रेमिटयान्स भित्रयाउँछौ त्यति नै मात्रामा हाम्रो पूँजी रेमिटयान्सकै माध्यमबाट छिमेकी मुलुक भारत र चाईना पठाएका छौं । हामीले श्रम गर्ने शक्ति पनि निर्यात गछौं यो अत्यन्तै बिडम्वना हो त्यसकारणले गर्दाखेरि हाम्रो श्रमशक्ति हाम्रै देशको बिकासमा लगाउने विषयमा तीन तहको सरकारको समन्वयमा बृहत कार्यक्रम ल्याउनका लागि, ल्याउन जरुरी छ । त्यसका लागि प्रदेश सरकारले त्यो खालको समन्वयात्मक भूमिका निर्वाह गरोस् म एउटा सुझाव दिन चाहान्छु ।

१ वर्षको बजेट ति जनशक्तिलाई दक्षता प्रदान गर्नका निमित्त हामीले बजेट खर्च गरौं न त ! आज विकास निर्माणको काममा हामीले ईण्डिया र चाईना बाट कामदार मगाउनुपर्ने अवस्था छ शिपमूलक जनशक्तिको अभाव छ ।यसलाई घटाउनका निमित्त ५३ एउटा वजेट सिप सिकाउनका लागि हामीले खर्च गरौं र प्रदेश गौरवका ठूला ठूला आयोजनाहरु हामी निर्माण गरौं र ती श्रमशक्तिलाई त्यो आयोजनामा त्यो श्रमशक्तिको खपत गरौं र ती श्रमशक्तिको खपत गरेर ती श्रमशक्तिलाई यही देशमा टिकाउनका निमित्त अथवा यही देशमा रोजगारीहरुको सृजना गर्नका निमित्त त्यो खालको वातावरण सृजना गरौं, खै यो भन्दा अगाडिको सरकारले पनि त यस विषयमा ध्यान दिएन। त्यसकारणले गर्दाखेरि यो बिषयमा पनि ध्यान दिनका निमित्त मैले अनुरोध गर्न चाहान्छु।

हामीसँग निर्यात गर्ने ठूलो सम्भावना उर्जा हो र उर्जामा लगानी गरी प्रदेशको आन्तरिक राजश्व बृद्धि गर्ने गर्न सक्ने प्रशस्त संभावना छ तर हामीले त्यतातर्फ खास ध्यान दिएका छैनौं। विभिन्न प्रकारका कृषि तथा जडिबुटीजन्य उद्योगहरु संचालन गर्न सक्छौ तर त्यसलाई ब्यवस्थित गर्ने बिषयतर्फ सरकारको खास रुची देखिएको छैन।तसर्थ रोजगारीको समस्यालाई समाधान गर्नका निमित्त यिनै विषयहरुलाई बिशेष ध्यान दिनका निमित्त सुझाव दिन चाहान्छु । ससाना खुद्रे योजनाले प्रदेशको समृद्धी सम्भव छैन । खुद्रे योजनाहरुमा सालवसाली योजनाहरुलाई हामीले जुन प्रकारको बजेट विनियोजन गरेका छौं, त्यो खालको विनियोजन भएको बजेटले प्रदेशको समग्र प्रदेशको समृद्धी र त्यो प्रकारको बिकास सम्भव छैन । त्यसकारणले गर्दाखेरि वृहत खालका योजनाहरुमा हामीले वृहत लगानी गरौं ।

त्यसकारणले गर्दाखेरि यो विषयतर्फ विशेष ध्यान दिनका निमित्त मैले अनुरोध गर्न चाहान्छु । कृषिमा हामीले जुन प्रकारको अनुदानको परिकल्पना गरिरहेका छौँ, त्यो खालको अनुदानले वास्तवमा भन्ने हो भने कृषिको रुपान्तरण गर्नका निमित्त र कृषकहरुको जनजिवनलाई परिवर्तन गर्नका निमित्त त्यो खास प्रभावकारि छैन,त्यसकारणले गर्दाखेरि ती वृहत कार्यक्रमहरु पनि ल्याउनका निमित्त मैले प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु। त्यो खालको कार्यक्रमहरु ल्याएर प्रदेशको समग्र बिकासका निमित्त त्यो खालको कामहरु गर्नका निमित्त पनि मैले हार्दीक अनुरोध गर्न चाहान्छु र मात्रात्मक परिवर्तन हामीले जति पनि गरेका छौं यसलाई अब हामीले गुणात्मक परिवर्तनका निमित्त हामीले काम गर्नुपर्ने हुन्छ। हामीले आज जति स्थानीय बाटो खनेका छौँ, सडक बनाएका छौँ, पुल बनाएका छौँ, ती बाह्रै महिना चल्नसक्ने अवस्थामा छन्, कि छैनन्? मलाई लाग्छ ती अधिकांश सडकहरु अहिले बाह्रै महिना चल्नसक्ने परिस्थीतिमा छैनन। त्यसकारणले गर्दाखेरि हामीले मात्रात्मक परिवर्तनलाई मात्रै हामीले ध्यान दियौं भने हाम्रो गुणात्मक परिवर्तन हुनसक्दैन गुणात्मक विकासले फडको मार्न सक्दैन, त्यसकारणले गर्दाखेरि गुणात्मक बिकासका निमित्त त्यो खालको दिगो विकासलाई यो प्रदेश सरकारले अहिलेको सरकारले बिशेष ध्यान दिएर जाओस् मैले सुझाव दिन चाहान्छु। यो बजेटमा कोरोनाका कारणले गर्दाखेरि अभिभावक गुमाएका बाल बच्चाहरुलाई ५ हजार दिने जुन ल्याएको छ, बजेट वक्तव्यमा भनिएको छ, यो हेर्दा, सुन्दा तर यसले हामीले यसको असर दुरगामि असर के पर्न जान्छ भन्ने विषय पनि हामीले ख्याल गर्नुपर्छ जस्तो मलाई लाग्छ किनभनेहामीले माछा मार्न सिकाउनका लागि हामीले तरकीबहरु सिकाउने हो माछा मारेर हामीले दियौं भने त्यसले पक्कैपनि ती मान्छेहरुलाई अल्छी बनाउछ ।

त्यसकारणले गर्दा खेरि त्यो खालको हामीले दुरगामी त्यसको हाम्रो असरलाई हामीले मध्येनजर गर्दै हामीले त्यो पैसा दिनुको साटो हामीले सेवा, सुबिधा दिउँ अथवा शिक्षामा निःशुल्क गरौं स्वास्थ्यमा निःशूल्क गरौं, रोजगारीको शृजना गरिदिउँ यस खालको काम गर्न सक्यौं भने पक्कै पनि सुनमा सुगन्ध हुनेछ। मैले यि कुराहरु राख्दै यो बजेट वक्तब्यमा हाम्रो पार्टीको समर्थन रहेको जानकारि गराउँदै विदा हुन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेललाई छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, असार १ गते सरकारले प्रस्तुत गरेको बजेट वक्तव्यका सम्बन्धमा माननीयज्यूहरुबाट गहन सुझावहरु आएका छन् । रचनात्मक सुझावहरु पनि आएका छन्। म सुझाव प्रस्तुत गर्नुहुने माननीयज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । सुझाव राख्ने क्रममा केही जिज्ञासाहरु र केही बजेटमा, प्राथमिकतामा पर्नुपर्ने कुराहरु नपरेको भन्ने कुराहरु पनि आएका छन् । त्यो मध्ये कोभिडलाई कोरोनालाई प्राथमिकता दिइएन भन्ने कुरा खासगरीकन हाम्रो एउटा विपक्ष, प्रमुख प्रतिपक्षका माननीयजीले यसलाई राख्नुभएको छ र वहाँले धेरै अन्य धेरै सुझावहरु पनि दिनुभएको छ । उहाँलाई म के ध्यानाकर्षण गराउन चाहान्छु भने हाम्रो बजेटमा पहिलो प्राथमिकता नै हामीले कोरोनालाई दिएका छौं, अर्थात् यो प्रदेशका जनताहरुको जीवन सुरक्षा सरकारको पहिलो दायित्व हो भनेर हामीले सबै प्रदेशवासीहरुलाई निःशुल्क रुपमा खोपको व्यवस्था गर्ने हामीले प्रतिवद्धता व्यक्त गरेका छौं।

साथसाथै यसको लागि आवश्यक कोषको पनि हामीले व्यवस्था गरेका छौं, त्यति मात्रै होइन यस बिचमा यहाँ आइसकेको छ कुराहरु, कोरोना संक्रमणबाट पीडित परिवारहरुलाई पनि सरकारले आफ्नो दायित्व सम्झेर बजेटमा नै हामीले के व्यवस्था गरेका छौं भने यदि अभिभावक गुमाएका बालबालिका छन् भने उहाँहरुलाई हामीले महिनाको ५ हजार नगद दिने व्यवस्था, त्यस्तै कोरोनाबाट मृत्यु भएका मृतकका परिवारलाई ५० हजार रुपैयाँ दिने व्यवस्था हामीले किन गर्यौं भने यो सामान्य विमारीबाट भएको क्षति नभई यो विश्वव्यापी रुपमा आएको जुन महामारी, त्यो महामारीबाट पीडितहरुलाई सरकारले, राज्यले विशेष तरिकाले हेर्नु पर्छ भन्ने हाम्रो मान्यता अन्तरगत हामीले यद्यपि सरकारको सक्षम छ कि छैन? अर्को पक्ष छ, सरकारको सदासयता के हो भने त्यो दुखमा सरकार त्यो परिवारको साथमा छ भनेर हामीले प्रतिवद्धता जाहेर गरेका हौं ।

अर्को वास्तवमा भन्ने हो भने, सरकारले हाम्रो महिला, दिदीबहिनीहरुको जुन स्तन क्यान्सर छ या पाठेघरको मुखको क्यान्सर छ यसको शल्यकृयामा लाग्ने खर्च हामीले सरकारले व्यहोर्ने प्रतिवद्धता हामीले गरेका छौं । किनभने आज यद्यपि यो पनि एउटा नयाँ कार्यक्रम छ, निश्चित रुपमा सरकारको बजेटलाई मध्यनजर गर्दा त्यहाँनिर अलिकति कठिनाई हुन सक्ला तर पनि राज्यको उपस्थिति र वेलफर स्टेटको हामी भन्दैछौं, कि हामी सामाजवाद उन्मुख व्यवस्था अंगिकार गरेका छौं । संविधानले मौलिक अधिकारको रुपमा पनि स्वास्थ्यको अधिकार दिएको

छ । यी सबै परिपेक्षमा हामीले यो प्रतिवद्धता गर्यौं जो एउटा नयाँ हो भन्ने हामीलाई लाग्दछ । त्यति मात्र होइन हामीले स्वास्थ्यकै क्षेत्रमा भन्ने हो भने सबै जिल्लाका अस्पतालहरुलाई २५ देखि ५० शैयामा स्तरोन्नति गर्ने हामीले उल्लेख गरेका छौं । त्यति मात्र होइन दुर्गम क्षेत्रमा जटिल अवस्थामा रहेका गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुको उद्धार गरी सुबुधा सम्पन्न अस्पतालसम्म एयरलिफ्टिङ सहुलियतरुपमा एयरलिफ्टिङ गर्ने उल्लेख गरेका छौं ।

स्वास्थ्यको क्षेत्रमा खासगरीकन कोरोनासँग लड्ने अग्रपंक्तिका स्वास्थ्यकर्मीहरु वहाँहरुलाई विशेष सुविधाको प्रोत्साहनको कार्यक्रमहरु हामीले ल्याएका छौं, पुरस्कारको व्यवस्था गरेका छौं र यो प्रदेशका जेष्ठ नागरिकहरुलाई जिल्ला अस्पतालहरुमा हामीले निःशुल्क उपचारको व्यवस्था गरेका छौं । गण्डकी विश्वविद्यालयमा ३५० शैयाको जनरल, ५० शैयाको मुटुरोग, ५० शैयाको अर्वुद रोग, ५० शैयाको मृगौला रोग सहित ५०० शैयाका शिक्षण अस्पताल स्थापना गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरि निर्माण कार्य प्रारम्भ गर्ने प्रतिवद्धता जाहेर गरेका छौं । यसरी त्यति मात्र होइन, सामाजिक सुरक्षाकै क्षेत्रमा भन्ने हो भने सामाजिक सुरक्षा कोषको स्थापना छ अब अघि यहाँ आइसकेको कुरा छ, यी विपन्नको वस्तीमा मुख्यमन्त्री कार्यक्रम, द्वन्द्वपीडित, घाईते, सहिद परिवारलाई सहयोग, भाषा, कला,शाहित्य, संस्कृति संरक्षण तथा संवर्धन, ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक महत्वका स्थानहरुको संरक्षण तथा संवर्धन,जस्तो एक जिल्ला एक सहिद स्मारक, महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दलित, सिमान्तकृत, लोपोन्मुख जाति, आदिवासी जनजाति समुदायका निम्ति विशेष कार्यक्रम जस्तै "सक्षम महिला समानान्तर पाईला" भन्ने एउटा अभियानका साथ हामीले कार्यक्रम ल्याएका छौं ।

यसरी हामीले सामाजिक सुरक्षा तर्फपनि मात्रै नभएर खेलकुद तर्फ, कृषि, भूमितर्फ सबै क्षेत्रलाई हामीले हाम्रो साधन र स्रोत वजेटले भ्याएसम्म त्यसलाई अगाडि बढाउने हामीले प्रतिवद्धता जाहेर गरेका छौं ।म माननीय सदस्यज्यूहरुलाई अनुरोध गर्न चाहान्छु कि! बजेट निश्चितरुपमा बजेट बनाउँदै गर्दा कतिपय कुराहरु सरकारले एउटा कल्पना गरेको हुन्छ, त्यो पूरा गर्ने प्रयत्नमा सरकार हुन्छ तर अब १ महिनै नभईकन अहिले नै गरेन भन्ने प्रश्न गर्नु उपयुक्त हुँदैन। विश्वास गर्ने कुरा हो,कतिपय कुराहरु पहिलो बजेट आउँदाखेरी यही प्रदेशमा बजेटमा उल्लेखित धेरै मिठा मिठा कुराहरु पनि अहिले बासी नै रहेको अवस्था छ तरपनि यो सरकार जसले यदि पपुलरै बजेट ल्याउँ भनेको भए पहिलो सरकारले निश्चित गरेको सिलिङमै गएको भए धेरै काम

हुन सक्थ्यो होला तर हामीले सोच्यौं सस्तो लोकप्रियता नभईकन एउटा आफ्नो वास्तबिक आधारित भोलि सालको अन्त्य हुँदै गर्दा चेक लिएर जाँदा चेक नभजिने किसिमले इकोनोमी तर्फ हामीले सोचेनौं।

यसअर्थमा भएको साधन,श्रोतका आधारमा वास्तबिकतामा आधारित रहेर हामीले बजेट बनाएका हौं, जुन कुरो हाम्रो बजेटमा उल्लेखित छ जहाँसम्म माननीयजीहरुले जो सुझाव दिनुभएको छ यो भन्दा अझ राम्रो आउनुपर्थ्यो, अझ व्यवहारिक आउनुपर्थ्यो, सबै क्षेत्रलाई छुनुपर्थ्यो, विकास निर्माणलाई अझ द्रुतगति दिनुपर्थ्यो, भन्ने यहाँहरुको जिज्ञासा,सुझाव जो छ त्यसलाई म त्यस कदर गर्दै, भविष्यमा तिनीहरुलाई पनि समावेश गर्ने कोशिस गर्ने प्रतिवद्धता जाहेर गर्दै विदा हुन चाहान्छु। धन्यवाद !

**माननीय सभामुखः-**

माननीय सदस्यहरु,अब यो छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु,अब म माननीय मुख्य मन्त्री तथा अर्थ मन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेललाई मिति २०७८ असार १ गते सभा समक्ष प्रस्तुत भएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक माथि बिचार गरियोस  भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्रीकृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल असार १ गते प्रस्तुत भएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि बिचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु,अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदसयहरुले "हुन्न" भन्नुहोस् । "हुन्छ" भन्ने माननीय सदस्यहरुको वहुमत भएकोले उक्त प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव वहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय मुख्य मन्त्री तथा अर्थ मन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलले मिति २०७८ असार १ गते सभासमक्ष प्रस्तुत भएको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकमाथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्ना भनाई राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम,माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, प्रदेश सभाको यस सम्मानित वैठकमा अर्थ मन्त्रालय समेत जिम्मा लिनुभएका माननीय मुख्यमन्त्रीज्यूले छलफलको लागि प्रस्ताव गर्नुभएको अर्थ विधेयकमा छलफलमा सहभागी भएको छु । यस सन्दर्भमा उपस्थित भइरहदाखेरी अहिले यो बिचमा धेरै ठूलो ठूलो बाढी पहिरो आयो । मनाङ, लमजुङ, गोरखा, स्याङ्जा, वाग्लुङ, लगायत धेरै जिल्लाहरु कास्की लगायत धेरै जिल्लाहरुमा बाढीपहिरोले ठूलो प्रभाव पारेको छ, ठूलो धनजनको क्षति भएको छ । त्यो क्षतिमा पीडित हुनुहुने अथवा बाढीपहिरोबाट निधन भएकाहरु प्रति म दुःख व्यक्त गर्न चाहन्छ, श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र घाईतेहरुको शिघ्र उपचारको निम्ति स्वास्थ्य लाभको कामना गर्दछु।शिघ्र उपचारको व्यवस्थाको निम्ति अनुरोध गर्न चाहान्छु । बाढीपहिरोको क्षेत्रमा जुन ठूलो महामारी अथवा बाढीपहिरो गइरहेको छ, त्यो बाढीपहिरोमा प्रदेश सरकारको उपस्थिति हामीले धेरै देख्न पाइरहेका छैनौं । जनताहरु बाढीपहिरोबाट आहत छन् त्यो ठाउँमा प्रदेश सरकार पनि छ भन्ने अनुभूति हुन सकेको छैन, म यस तर्फ ध्यानाकर्षण गराउन चाहान्छु । यस्तै कोरोनाको महामारीबाट पनि विभिन्न ठाउँहरुमा निधन भएको छ वहाँहरु प्रति पनि ,ति महानुभाव सबै प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु।

माननीय सभामुखज्यू, नेपाल कम्युनिष्ट एमाले प्रमुख प्रतिपक्षमा छ । हामीले सदन सुरु भएको दिनदेखि आजसम्म हामीले त्यो विषय, खासगरी अहिले गठवन्धनको सरकार बनिसकेपछि असार मसान्तमा आएर बाँडिएका रकमहरुको सन्दर्भमा १६ करोड भन्दा बढी रकम बाँडिएको सन्दर्भमा, अनुमानको भरमा, हचुवाको भरमा जुन बाँडियो विना आधार, विना योजना बाँडियो त्यो बाँड्न हुँदैनथियो, बाँड्न हुँदैन त्यो रोकिनु पर्छ ,एकातिर भने अर्को त्यसको फेहरिश्त चाहियो हामीलाई कहाँ कहाँ बाँडियो ,कुन कुन शीर्षकमा बाँडियो, कहाँ कहाँ बाँडियो,त्यसको फेहरिस्त

चाहियो भनेर हामीले सदन अवरुद्ध गरेका थियौं । हामीले थप कुरा त्यसको जाँचपडताल गर्ने ,त्यसको अनुगमन गर्नको निम्ति एउटा संसदीय समिति बनाउनुपर्छ भनेर माग गरेका थियौं । हाम्रो प्रतिपक्षले रचनात्मक सहयोग गर्ने, रचनात्मक कुरा उठाउने नै गर्दै आएको छ । हामी विरोधका लागि विरोध होइन, जनताको समस्या के हो त्यो समस्या उठाउने कुरा हो । त्यस आधारमा उठाउदाखेरी आज सरकार खासगरि मुख्यमन्त्रीजीको नेतृत्वमा रहेको वार्ता, संवाद गरेर हामी एउटा सहमतिमा पुगेका छौं। हामीले प्रमुख प्रतिपक्षको माननीय सदस्यको नेतृत्वमा ७ सदस्यीय समिति गठन गर्ने उसले २ महिना अबधीभित्र त्यसको अध्ययन गर्ने र अध्ययन गरी जानकारी अथवा त्यसको यथास्थिति के हो? यथास्थितिको जानकारी ल्याउने भनेर २ महिनाको अवधि तोकेर एउटा समिति गठन गर्ने सहमति गरेका छौं ।

त्यसको नाम हामी आर्को पछिल्ला वैठकहरुमा दिने कुरा भएको छ । त्यस्तै, त्यो योजनाहरुको विवरण जुन छ बिवरण सरकारले यो वैठकको लगत्तै हामी बाहिर निस्कदा दिने कुरा प्रतिवद्धता जाहेर गरेको छ । जेहोस्, हामीले ती जुन विषय उठायौं, जनताका सरोकारका विषयहरु थिए, जनताका जनजीवनसँग जोडिएका विषयहरु थिए, सरकारले गरेका गलत क्रियाकलाप हुन् कि भन्ने आशंकाले हामीले ती कुराहरु उठाएका थियौं। गलत छन् कि ठिक छन् त्यो हामीले अध्ययन गरेपछि, अनुगमन गरेपछि त्यो प्रष्ट भईहाल्छ। यो कुरातिर हामीले ध्यानाकर्षण गराएका थियौं, त्यो हाम्रो कर्तव्य थियो,हाम्रो जिम्मेवारी थियो त्यो कर्तव्य जिम्मेवारि हामीले पूरा गरेको कुरा म सम्मानित सदन सभामुख मार्फत अनुरोध गर्न चाहान्छु। त्यसमा हामी एउटा छलफलबाट एउटा सहमतिबाट फेरी अगाडि आएका छौं । दोस्रो कुरा आज, अहिले माननीय मुख्यमन्त्री ज्यूले अर्थमन्त्री समेतको जिम्मेवारीको हिसावले अर्थ विधेयकको कुरा,अर्थ प्रस्तावको कुरा अगाडि ल्याउनुभएको छ त्यसको व्यवहारिक पक्षमा म धेरै जान चाहन्न ।त्यसको सैद्धान्तिक पक्षमा मैले भन्दाखेरि म केही कुरा चर्चा गर्न चाहान्छु । हाम्रो के हुन्छ प्रायः भने काम कुरो एकतातिर कुम्लो बोकी ठिमीतिर भन्ने हुन्छ ।

हामी पूर्व जान खोज्ने भनेर छलफल गर्छौं, पूर्व जाने कुराको लागि छलफल गर्छौं तर व्यवहारमा हामी पूर्वतिर गइरहेका हुँदैनौं। हामीले बजेटको बारेमा सिद्धान्त र प्राथमिकतामा छलफल गर्‍यौं। सिद्धान्त र प्राथमिकताको बारेमा पर्याप्त छलफल गयौं । तर हामि त्यो शिद्धान्त र प्राथमिकताको बारेमा साँच्चै जे छलफल गर्‍यौं,जसरी बजेट बनाउन पर्छ भन्यौं, जसरि आर्थिक परिस्थीतिलाई अगाडि बढाउनुपर्छ भन्यौं,त्यसकै आधारमा सम्मिलित भएर, त्यसको आधारमा बसेर हामीले अगाडि बढाएका छौं त ? त्यस्तो छैन, त्यस्को जुन सिद्धान्त र प्राथमिकताको आधारमा छैन ।

पहिला हामी एउटा सिद्धान्तको कुरा गर्छौं, एउटा प्राथमिकताको कुरा गर्छौं, सिद्धान्त र प्राथमिकतामा हामीले भन्यौं विगतको सरकारले जे कुरा उठाएको थियो उज्यालो प्रदेशको कुरा उठाएको थियो त्यसलाई द्रुतगतिमा अगाडि लाने कुरामा हामी बचनवद्ध हुन्छौं, एक घर एक खानेपानीको कुरा,आधारभूत खानेपानीको कुरा,झोलुंगे पुल सडकका कुरा,त्यस्तै होमस्टेको कुरा लगायतका धेरै पर्यटन बिभिन्न क्षेत्रका कुरा हामी अगाडि बढाउँछौं भनेका थियौं तर त्यसबाट डिरेल भएर अलि अलि त्यसलाई छोएको जस्तो गरेर डिरेल भएर आएको जस्तो हामीलाई लाग्छ ।

त्यसको सिद्धान्त र प्राथमिकतामा हामीले छलफल गरेजस्तो सबैलाई समेटेको जस्तो हामीलाई लाग्दैन । हाम्रा प्राथमिकता के हो ? अघि नै साथीहरुले माननीयहरुले भन्नुभएको थियो, महत्वाकांक्षी बजेट होइन यो ! महत्वाकांक्षी हुनुपर्छ कि पर्दैन ? यो छलफलको विषय होला । तर कुनै पनि व्यक्तिले आफ्नो सपना नदेखे हो भने, आफ्नो अगाडि बढने बाटो थाहा नपाउने हो भने, कहाँ पुग्ने हो भनेर लक्षित नगर्ने हो भने त्यतिकै बिचैमा दोबाटोमै हराउँछ। उखान छ, उडी छुनु चन्द्र एक भनेजस्तै, सम्भव होला नहोला चन्द्रमामा पुग्ने उद्देश्य राख्नुपर्छ भन्थे हिजो । मान्छे चन्द्रमामा त पुगिसके, मंगल ग्रहमा पनि पुगिसके र हाम्रो उद्देश्यै नराख्ने हो भने, सपनै नदेख्ने हो भने हाम्रो लक्ष्य नराख्ने हो भने के हुन्छ ? त्यसो भएर विगतको सरकारले सुखी नागरिक समृद्ध प्रदेशको योजना राखेको थियो,उद्धेश्य राखेको थियो,सुखी नागरिक सम्बृद्ध प्रदेश बनाउनुपर्छ भनेको थियो। माथि संघ सरकारले सुखी नेपाली समृद्ध नेपाल बनाउनु पर्छ भनेको थियो के ती कुरा अहिले असान्दर्भिक छन्, ती बिषय अहिले असान्दर्भिक छन र ? छैनन नी ! ती कुरा कुनै एमालेको लागि हो र ? कुनै पार्टी बिशेषको लागि हो र ? होइन नी । सुखी नागरिक समृद्ध प्रदेश बनाउने उद्धेश्य हामी सबैको साझा उद्देश्य हो । साझा उद्देश्य हुनु पर्छ । यो प्रदेशमा गरीवी हट्ने कुरा, यो प्रदेशमा निरक्षरता हटाउने कुरा, यो प्रदेशमा पछौटेपन हटाउने कुरा, यो प्रदेशमा वेरोजगारी हटाउने कुरा कुनै पार्टी विशेषको कुरा हो र ? सबैको साझा कुरा हो, सबैको साझा बिषय हुनुपर्छ। त्यसकारण त्यो बिषयलाई महत्वाकांक्षी कुरा भन्ने नाममा त्यसलाई पछाडि राखेको जस्तो लाग्छ मलाई, त्यसलाई अलिकति ओझेलमा पारेको जस्तो लाग्छ मलाई । आफ्नै ढंगले, आफ्नो एउटा राजनीतिक उद्देश्य राखेर राजनीतिक उद्देश्यको लागि मात्र त्यो काम गरिएको जस्तो लाग्छ म त्यो ध्यानाकार्षण गराउन चाहान्छु । त्यस्तै अहिले हामीले सोचिरहेको आर्थिक अनुशासनको विषय छ, आर्थिक अनुशासनको विषय छ, हामी के भनिराखेका छौं भने त्यो आर्थिक अनुशासन पालना भन्नेले मात्रै पालना गर्ने हो कि

सबैले गर्ने हो ? अथवा,अरुले पालना गर्ने हो कि भन्नेले पनि पालना गर्ने हो ? आर्थिक अनुशासन पालना नगरिरहेकोको हामीले देख्छौ ।

हामीले हिजो विगतमा भन्यौं, हाम्रो पूर्व अर्थमन्त्रीलाई हामीले वचनबद्धता पनि गरायौं,तीन महिना भित्र योजनाहरु छनोट भइसक्नुपर्छ, उपभोक्ता समिति बनिसक्नुपर्छ, टेण्डर लगाइसक्नुपर्छ भन्यौं। असारे बजेट भयो, यो वर्षे बजेट भयो, यो वर्षे बजेट, असारे बजेट रोकिनुपर्छ, ३ महिनाभित्र सबै उपभोक्ता समिति बन्ने टेण्डर गरिसक्नु पर्छ भनेर हामीले प्रतिवद्धता पनि जनायौं ।त्यसमा धेरै कामहरु भएका थिए। अहिले फेरी हामी त्यो कुरा छोडेर फेरि कुन बेला लाग्छ, कुनबेला मन लाग्छ , मन लागेको बेला कार्यक्रम गर्ने, मन लागेको योजनाहरु अगाडी बढाउने, आफुलाई लागेका योजनाहरु अगाडि बढाउने, कुनै संस्थागत कुराले होइन, तलका स्थानीय तहदेखि पास गरेका योजनाहरु होइन, आफूलाई लागेको आधारमा आफुलाई प्रभाव परेको आधारमा योजना बढाउने, त्यो खालको एउटा संस्थागत, एउटा विधिसम्मत ढंगले भन्दा पनि आफ्नो विवेकले लागेको आधारमा योजना बनाउने सिस्टम अगाडि बढ्न खोजेको छ, त्यसरी विकास हुन्छ र ? हिजो त्यसै गरेको कारणले त विकास भएन ।

व्यक्तिको पहुँचको आधारमा बजेट बनाउने कारण व्यक्तिको पहुँचको आधारमा योजना बनाउने कारणले हाम्रो विकास भएन । एउटा सानो योजना माग्न काठमाडौं पुग्नुपर्ने, योजना आयोग पुग्नु पर्ने अवस्था थियो हिजो, पहुँचको आधारमा योजना बन्ने अबस्था थियो हिजो, आज फेरि पहुँचको आधारमा योजना बनाउनु पर्ने हो कि, पहुँचको आधारमा योजना बन्ने परिस्थिति हो कि ! त्यसरि योजना अगाडी जाने हो कि भन्ने व्यवहारमा देखियो ।त्यो खालको परिस्थिति स्थापित भयो भने वास्तबमा हामीले ल्याएको लोकतन्त्र, हामीले ल्याएको गणतन्त्र स्थापित हुन सक्दैन । हामीले खोजेको सुखी नागरिक र सम्बृद्ध प्रदेश स्थापित हुन सक्दैन। विधिको हिसावले, संस्थागत हिसावले, संरचनाको हिसावले त्यसलाई अगाडि बढाइएन र पहुँचको आधारमा योजना बढाउने काम गरियो भने वास्तबमा हामीले दिगो विकास र तिब्र बुकास गर्न सक्दैनौं। जनताले चाहेको तिव्र विकास र दीगो विकास हो । तिव्र विकास र दीगो विकास गर्न सक्दैनौं र खाली काम चलाउ विकास, काम चलाउ विकास मात्रै हुन्छ । मान्छेले एकछिन चाहेको विकास त्यो रिजल्ट नआउने खालको विकास मात्र हुन्छ भन्ने कुरा म ध्यानाकर्षण गराउन चाहान्छु ।

अर्को हामीले के गरिराखेका छैनौ भने बजेट एउटा निर्वाहमुखी, परम्परागत हिसावले मात्र बजेट बनाउने गरेका छौं ।हामीले हिजो पनि  भन्ने गरेका थियौं, अहिले मात्रै होईन, हिजो पनि हाम्रै पार्टी ने.क.पा. एमाले वा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सरकार हुँदा पनि हामीले भन्यौं, तपाईंहरुले माथि बाट आएको, संघबाट आएको पैसाले मात्रै तपाईंहरु बजेट बनाउने गर्नुभाछ, तपाईंले आफ्नो आन्तरिक श्रोत बढाउने कुरा गर्नुभएको छ ? आन्तरिक श्रोत बढाउने कुनै काम गर्नुभयो ? करको वृद्धि गर्ने मात्र होईन, करको वृद्धि गर्ने राम्रो कुरा होइन, करको दायरा बढाउने कुरा महत्वपूर्ण कुरा हो, तपाईंले आफ्नो आन्तरिक आम्दानी बढाउने कुरा गर्नु भो ? भनेर हामीले हिजो पनि प्रश्न गरेका थियौं। आज पनि त्यो कुरा प्रश्न उत्तिकै महत्वपूर्ण छ। सरकारले आफ्नो आम्दानी बढाउने बाटो के गरेको छ? करको दायरालाई फराकिलो बनाउने उपाय के गरेको छ ? कर बढाउने कुरा त गरेको होला,करको दायरा फराकिलो बनाउने कुरा के गरेको छ ? आम्दानी बढाउने कुरा के गरेको छ ?

आम्दानीका अनगिन्ति क्षेत्रहरु छन, अनगिन्ति क्षेत्रबाट आम्दानी बढाउने सरकारको आम्दानी बढाउने उपाय के छ? अनगिन्ती ठाउँ छ ? आम्दानी बढाउने दायरा के गरेकौ छ ? आम्दानी बढाउने विभिन्न ठाउँहरु छन् । ठिक छ विभिन्न नामका योजनाहरु हामीले अगाडि सारेका छौं । महिलाको लागि के, युवाको लागि के, दलितको लागि के भनेका छौं र आम्दानी कसरी हुन्छ, हाम्रै प्रदेशमा कतिपय सिधै संघमा रोयल्टी जाने गर्छ। उदाहरण एक्यापको रोयल्टी सिधै संघमा जाने गर्छ। हाम्रो ठूलो क्षेत्र एक्यापले अन्नपूर्ण क्षेत्रले छोपेको छ, त्यहाँबाट हाम्रो प्रदेशले, हाम्रो जिल्लाले केही रोयल्टी पाउने गर्छ ? लगायत अरु मध्यवर्ती क्षेत्र होला उता नवलपुरतिर, धेरै क्षेत्रहरु छन् ती क्षेत्रबाट प्राप्त गर्ने रोयल्टी, अरु धेरै क्षेत्रबाट,जडिबुटी छ, जडिबुटीबाट प्राप्त गर्ने रोयल्टी हामीले पाउन सकेका छौं ?

त्यसको खोजी गरेका छौं ? चोरी निकासी भएको कुरा हामी थाहा पाउँछौं। जडिबुटी धेरै चोरी निकासी भएको हामी थाहा पाउँछौं तर जडिबुटी बाट रोयल्टी लिने, वन कार्यालयले रोयल्टी जम्मा गर्न दिएको छ तर रोयल्टी नै जम्मा हुँदैन, रोयल्टी नै जम्मा हुँदैन, त्यतातिर हाम्रो ध्यान गएको छ ? त्यति राम्रो ध्यान गएको छैन। हामीले खाली निर्वाहमुखी तरिकाले काम गरेका छौ ,त्यसकारण म भन्न चाहान्छु, निर्वाहमुखी तरिकाले आएको बजेट प्रभावकारी हुँदैन । निर्वाहमुखी तरिकाले होइन प्रभावकारी ढंगले जनताको जीवनस्तर उकास्ने हिसाबले,नयाँ आम्दानीको स्रोत बढाउने हिसाबले जानुपर्ने आवस्यक छ ,यो भएको छैन,त्यसो भएको हुनाले यो अर्थ प्रस्ताव

प्रभावकारि हुनुपर्ने हो, जुन ब्यवस्थितरुपले आउनु पर्ने हो,त्यो आउन सकेको छैन भन्ने कुरा राख्दै मेरो भनाई अन्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु,त्यसपछि माननीय सदस्य श्री लेख बहादुर थापा।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, आज हामी यो प्रदेश सरकार अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने बिधेयकको बिषयमा छलफलमा छौं । यो नयाँ परिस्थितिमा नयाँ सरकारले जुन समयको चापलाई महसुस हुँदाहुँदै समयको चापको बावजुद पनि जसरी यो सरकार संचालन गर्नको लागि यो प्रदेश संचालन गर्नको लागि मेरुदण्डको रुपमा रहने यो विधेयकलाई जसरी प्रस्तुत गरेको छ, मलाई लाग्छ यो सरकारले सुरुवातमै आफ्नो कार्य योजनालाई, आफ्नो बजेटलाई र यो प्रदेशलाई बिकास गर्नको लागि र यो प्रदेशलाई निकास दिनको लागि कसरी अगाडि बढ्नु पर्दछ भन्ने कुरा यो विधेयकबाट नै प्रष्ट हुन्छ ।

हामीले कुनै पनि कुरा संचालन गर्नको लागि, त्यसको खर्च व्यवस्थापन गर्नुपर्ने हुन्छ र त्यो खर्च कहीं न कहींबाट व्यवस्था नगरिकन विकास निर्माण होस्, या सामाजिक कार्य होस् या अन्य कुनैपनि कार्यक्रमहरु संचालन गर्नको लागि बजेट व्यवस्थापन गर्नुपर्दछ।र त्यो बजेट व्यवस्थापन गर्नको लागि गण्डकी प्रदेश सरकारले जे जे ठाउँमा आफ्नो आयस्रोतहरु बढाउनुपर्ने थियो, त्यो ठाउँमा अबस्य पनि बढाउनुपर्ने हो,सरकार संचालन गर्नको लागि तर, अहिले गण्डकी प्रदेश सरकारको महत्वपूर्ण जिम्मेवारी र कर्तव्य के थियो भने संसारमा नै यो अहिले कोभिड–१९ बाट पीडित भएका त्यसको असर नेपाल राष्ट्र हुँदै गण्डकी प्रदेशमा पनि परेको हुनाले गण्डकी प्रदेशवासीहरुलाई करको बोझ होइन, हामीले त स्वास्थ्यमा कसरी सहुलियत दिने, स्वास्थ्यमा कसरी जनताहरुलाई आश्वस्त बनाउने र यो कोभिडबाट प्रभावित भएका व्यवसायहरु, कृषिजन्य होस्, उद्योग होस्, या पर्यटन र विभिन्न पेशामा संलग्न यातायात क्षेत्रलाई कसरी उत्थान गर्नु पर्दछ भन्ने कुरामा सोचेर करको दायराहरुलाई बढाइएको छैन। तर कर उठाउनु पर्ने, कर नउठाइकन सरकार चलाउन नसक्ने एउटा वाध्यता भए तापनि सबभन्दा पहिलो कुरा जनता हो, जनतालाई सुरक्षित रुपमा अवतरण गरेर, जनतालाई यो स्वास्थ्यबाट यो जुन प्यान्डामिक बाट कसरी मुक्ति दिलाउनु पर्दछ र त्योबाट यसै आहात भएका जनताहरुको लागि

कर मात्रै थुपारेर हुँदैन, त्यसमा सहुलियत गर्नुपर्छ भन्ने हिसावले यो गण्डकी प्रदेश सरकारले जसरी करको रेटलाई नबढाइकिन आफ्नो सरकार संचालन गर्नको लागि जुन एउटा कोसिस गरेको छ त्यो महत्वपूर्ण कुरा हो र यो जुन विधेयकमा प्रस्तुत भएका बिषयहरु छन् यसबाट के देखिन्छ भने हामीले यो प्रदेशमा कर बढाएर होइन, करको दायरा बढाउने कुरा हामीले य भन्दा पहिलाको सरकारहरुलाई पनि हामी प्रतिपक्षमा हुँदा  सुझाव दिने गरेका थियौं ।मेरो अहिले पनि आग्रह छ, कर बढाएर मात्रै हामीले पैसा जम्मा गर्न सकिदैन ।

करको दायरा बढाउँ। जनताहरुलाई कर तिरौं तिरौं भन्ने एउटा वातावरणको सृजना गरौं  र त्यो एउटा कम रुपैयाँ बाट पनि धेरै मात्रा, धेरै ठाउँमा र धेरै वस्तुहरुमा कर लगाउन सकियो र कर उठाएवापत हामीले यो यो सुविधा पाउन सक्यौं भन्ने एउटा वातावरणको सृजना गर्न सक्यौं भने यो सरकारप्रति जनताहरुको, उद्योगीहरुको, व्यवसायीहरुको र सबै लगानीकर्ताहरुको विश्वास जितेर आज यो सरकारले भविष्यमा गर्ने कार्यहरुको लागि आफूलाई चाहिने रकमहरु त्यहाँबाट उठाउन सक्ने भएको हुनाले हामीले त्यो करको दायरा कहाँ बढाउन सक्छौं भन्ने कुरामा ध्यान दिनुपर्छ। सरकार छोटै अवधिमा यो विधेयक ल्याउँदा त्यसतिर केही ध्यान दिएको र हामीले जुन जनताहरुको लागि कसम खाएर, जुन जनताहरुबाट निर्वाचित भएर आज यहाँ आएका छौं ।त्यसको लागि पनि यहाँ सहुलियतरुपमा हामीले करको दररेट कायम गरेको देखिन्छ। जस्तै– कोभिडबाट क्षति पुगेका व्यवसायीहरुलाई हामीले कर छुट दिएका छौं, अहिले यो लकडाउनको कारणले यातायात क्षेत्र अस्तव्यस्त भएको छ, यातायात क्षेत्र चलेको छैन, यसलाई कति दिनसम्म, कति महिनासम्म कुर छुट दिने हो? यस्ता कुरादेखि लिएर खानेपानी, साना सिँचाई जस्ता जुन जनताको अति आवश्यक वस्तु हुन् र त्यो जनताको सेवा गर्नु सरकारको कर्तव्य हो भन्ने एउटा हामीलाई महशूस भएको छ ।

त्यसमा लाग्ने बिजुलीको महसुल देखि लिएर त्यसमा आयातित मेशिनहरु, पार्टपूर्जाहरुमा जुन किसिमको एउटा सरकारले कर छुट दिने एउटा घोषणा गरेको छ यसले मलाई के लाग्छ भने गण्डकी प्रदेशको जनताहरुले बल्ल हाम्रो सरकार जनताको सरकार  महसुस गर्छन् भन्ने मलाई लाग्छ । जनताहरुलाई आश्वास्त गर्नको लागि, जनताहरुलाई खुसी दिलाउनको लागि र जनताहरुले सरकारलाई विश्वास गर्नको लागि पनि जनताहरुले के खोजेका छन् र जनताहरुको आवश्यकता के थियो र जनताहरुलाई के दिँदा त्यो व्यवसाय, त्यो उद्योगधन्धा या कृषि क्षेत्रहरुलाई उत्थान गरेर यो प्रदेशमा चाहिने सक्षम नागरिक बनाएर विकसित गर्न सकिन्छ र सबैलाई आत्मनिर्भर बनाउँछ भन्ने कुरा करको दररेटले पनि प्रमुख भूमिका खेल्ने भएको हुनाले

यो सरकारले जुन हिसावले यो आफ्नो करको दररेटमा परिवर्तन गर्नु नपर्ने ठाउँमा पुरानै सरकारले ल्याएको कररेट, दररेट र छुट दिनुपर्ने ठाउँमा छुट दिएको कुराहरु छ ।

त्यस्तै विकास निर्माण भनेको समानुपातिक रुपमा हुनुपर्दछ । पहुँचको आधारमा हुनुहुँदैन । कुनै एउटा मन्त्रालयमा मात्र बजेट थुपार्ने जुन एउटा परम्परा छ र भोली भौतिक योजना मन्त्रालयमा यति धेरै व्ययभार, यति धेरै आश्रित हुनु परेको छ यो आजभन्दा पहिलाको सरकारले गरेका दायित्व वोध गर्दा नै अरु मन्त्रालयहरुमा बजेट छुट्याउन नसकिने जुन एउटा परिस्थितिको विकास भएको छ र त्यसले समाजमा छुट्टै  असर र अरु सेक्टरहरुमा त्यसले प्रत्यक्ष प्रभावित गर्ने भएको हुनाले यो सरकारले अहिले सामाजिक उत्तरदायित्वलाई वहन गरेर प्रत्येक मन्त्रालयको जिम्मेवारिलाई महत्वपूर्ण बनाउनको लागि जसरी मन्त्रालयगत बजेटहरुलाई सकभर यसमा समानुपातिक हिसावले विनियोजना गर्ने जुन प्रयत्न गरेको छ,त्यो पनि एउटा सकारात्मक पक्ष हो ।

एकैचोटी जादुको छडीजस्तै कुनै पनि सरकारले भईआएका कामहरुलाई एकैचोटी क्रान्ति गर्न सक्दैन ।यसरि नै यो सरकार अहिले  भर्खरै बनेको छ, १ महिना पनि भएको छैन तर यसले के कोसिस के गरेको छ भने मैले यो गण्डकी प्रदेशको जनताहरुलाई अन्याय नहुने खालका र मैले काम गर्दै जाँदा यसलाई सुधार गर्ने कोसिस गरेको छु भन्ने कुरा यो कररेटले र यो जुन प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावले एउटा झलक दिएको छ । यसको लागि म यो सरकारलाई धन्यवाद दिन चाहान्छु र अझै पनि यसमा जतिपनि छुटेका छन्, जस्तै मैले आजभन्दा पहिलाको सरकारको पालामा पनि भनेको थिएँ करको दायरा बढाउनको लागि जहाँ ब्यवस्थित बसोवास छ, शहरी बसोवास छ,त्यहाँ घरजग्गाको कर, वहाल कर र अन्य प्रकृतिका करहरु मिनिमम मात्रामा भए पनि लगाउन सुरु गरियो भने उहाँहरुको त्यो रेकर्ड यो सरकारमा आउँछ र उहाँहरुलाई पनि थोरै तिर्दा तपाईंहरुले यो यो मुनाफा पाउनुहुन्छ र तपाईंहरुले तपाईंले तिरेको करबाट तपाईंहरुको आयस्रोत देखिन्छ।

तपाईंहरुको पुस्तालाई त्यो तपाईंले तिरेको करबाट कहीं न कहीं देखाउन पाइन्छ र तपाईंको ईज्ज्जत बढ्छ। विदेशमा के छ भने कसले सबभन्दा बढी कर तिर्ने, मैले त्यसले भन्दा किन कर कम तिरे होला भन्ने एउटा मान्यता भएको कारण र जसले बढी कर तिर्छ त्यो करदातालाई सरकारले गर्ने व्यवहारको कारणले त्यहाँ कर तिरौं,तिरौं जस्तो वातावरण बनाउँछ र कर तिर्छ । अब हामीले यो एक्काइसौं शताव्दिमा, यही गण्डकी प्रदेश मार्फत म सरकारलाई आग्रह गर्न

चाहान्छु । हामीले पनि गण्डकी प्रदेशबाट शुरु गरौं। करको दायरालाई अझै विस्तार गरौं, तर त्यो मिनिमम रुपमा, सुरुवाती रुपमा विस्तार गरेर, त्यो कर लिएवापत हामीले ती जनताहरुलाई के दियौं त ? र ति जनताहरुले कर तिरेवापत के पाए त? उनिहरुले छिमेकिमा अन्त कतै साथीभाइलाई भन्दा मैले गण्डकी प्रदेशको सरकारलाई यति थोरै पैसा कर दिएको थिएँ तर गण्डकी प्रदेशको सरकारले मलाई सम्मान गर्यो, मलाई यहाँ,यहाँ मलाई छुट दियो, यहाँ,यहाँ मेरो काम सजिलो भयो र यहाँ मैले सम्मान पाएँ भन्ने वातावरणको लागि हामीले एउटा सुरुवात गरौं ।

जुन यो अहिले प्रस्ताव गरेको छ,त्यो अत्यन्त राम्रो छ, सह्रानिय छ । अझै यसलाई भएका कमिकमजोरी,छुटेका कुराहरुलाई जसरी आज प्रतिपक्षका साथीहरुले हिजो सदन अवरुद्ध गर्नुभयो, आज छलफल भयो,वहस भयो र फेरी उहाँहरु यो सदनमा सहज रुपमा जसरी सहयोग गर्न तयार हुनु भयो।

त्यसरी नै हामीले छुटेका कुराहरु आफ्नो भएका कमजोरीहरुलाई सुधारेर यस कर प्रणाली र यस विधेयकमा समेट्दै आउँदो सालहरुमा यहाँको प्रदेशवासीलाई अझै कर तिरौं तिरौं लाग्ने र कर ल्याएर यो प्रदेश संचालन गर्नको लागि हामीले अन्त कतै आफ्नो ध्याउन्न भुल्न नपर्ने, र माननीयज्यूहरुलाई मेरो बजेट परेन, त्यो रकम पुगेन, उहाँहरुको ३८ अरवको बजेट थियो, आज हामीले ३० अरबको**(सभामूख बाट समय सकिएको जानकारी)** बजेट ल्याउन जुन वाध्यतामा छौं, त्यो वाध्यताबाट पनि मुक्त दिलाउनका लागि हामी सबै एकैठाउँमा उभियौं, आफ्नो आफ्नो तर्फबाट सहयोग गरौं भन्दै यो जुन प्रस्ताव आएको छ,यो एकदम राम्रो छ तर यसलाई कार्यान्वयनको दिशामा अगाडि बढोस भन्ने शूभकामना व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री लेखबहादुर थापा, मगरलाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री लेखबहादुर थापा, मगर**

माननीय सभामुख महोदय, आज हामी "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७८" उपर छलफलमा सम्मिलित भइरहेका छौं। म नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको तर्फबाट म यहाँ उपस्थित भएको छु ।

प्रथम त यो विधेयक एउटा महत्वपूर्ण विधेयकको रुपमा हामीले लिएका छौं, किनभने सत्ता संचालनको निम्ति बजेटको अहम् भूमिका हुन्छ। बजेटलाई व्यवस्थित गर्ने सन्दर्भमा राजश्व र कर उठाउन सकिएन भने हामीले चाहेजस्तो विकास गर्न सकिदैन। त्यसकारण आर्थिक अनुशासनलाई व्यवस्थित गर्नको निम्ति,कर र राजश्वलाई व्यवस्थित गर्नको निम्ति हामीलाई यो विधेयक आवश्यक परेको छ। अहिलेसम्म हामीले बजेटको तयारीको क्रमबाट हेर्दै आउँदा पहिले हामीले बजेटको सिद्धान्त र प्राथमिकता जेठको १७ गते यस सभामा प्रस्तुत गर्यौं, पारित गर्यौं, बजेटको नीति तथा कार्यक्रम जेठको ३१ गते प्रस्तुत र पारित गरियो। बजेट वक्तव्य असार १ गते यस सभामा पेश भयो र प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको विधेयक पनि हामी छलफलमा आइरहेका छौं र हामीले छिट्टै नै फेरि विनियोजन विधेयकपनि हामिले छलफल गरी पास गर्नुपर्नेछ ।

यो स्थितिमा हामीले यो महत्वपूर्ण विधेयकको रुपबाट यसलाई अगाडि बढाएका छौं। मलाई लाग्छ आर्थिक वर्ष ०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावमा यसलाई कार्यान्वयन गर्नको निम्ति कर लगाउन तथा राजश्व संकलन गर्ने, राजश्व प्रशासन सम्बन्धि कानुनी व्यवस्था गर्ने आवश्यकता भएको हुनाले यो विधेयक आएको छ। यस विधेयकमा १३ वटा दफा र ६ वटा अनुसूचीहरु र अनुसूची पनि विविध मार्फत व्याख्यात्मक टिप्पणी सहित गरिएर यो आएको छ। विधेयकमा राजश्व,कर र शुल्क निर्धारण गर्न, कर शुल्कको दर बढाउन, घटाउन र आर्थिक **(आंशिक)** वा पूरै छुट दिन सक्ने व्यवस्था यस विधेयकमा गरिएको छ। स्थानीय पालिकाले घरजग्गा रजिष्ट्रेशन शुल्क संकलन गर्ने, यसका निम्ति अनुसुची–१ त्यसको क, ख, ग तीन वटा खण्ड छुट्याएर तयार गरिएको छ। स्थानीय पालिकाले नै काम गर्ने गरी सवारी क्षेत्रमा साना सवारी साधनहरु रिक्सा, टाँगा, अटो रिक्सा जस्ता क्षेत्रमा कर लगाउन सक्ने व्यवस्था गरेको छ। अनि मनोरञ्जन कर लगाउने व्यवस्था गरिएको छ। विज्ञापन कर प्रदेश कानून बमोजिम बाँडफाँड हुनेगरी व्यवस्था गरेको छ भने प्रदेश सरकार र मातहतका कार्यालयहरुद्वारा प्रदेश सरकारको यो विशेषगरी प्रशासनिक व्यवस्थापनद्वारा हुने गरी सवारी साधन कर जो अनुसुची–२ मा व्यवस्था गरिएको छ। कृषि आयमा कर अनुसूची–४ मा व्यवस्था गरिएको छ। पर्यटन शुल्क कर अनुसुची–५ मा व्यवस्था गरिएको छ ।

प्राकृतिक स्रोत सम्बन्धी शुल्कहरु निर्धारण गर्ने कार्यहरु अनुसुची–६ मा व्यवस्था गरिएको छ र अनुसूचीहरु धेरै महत्वपूर्ण छन्, यसमा १३ वटा दफामा यो सैद्धान्तिक ढंगले व्यवस्थित गरिएको छ भने अनुसुचीहरु कामको व्यवस्थापन गर्ने त्यसको फाँटवारी गर्ने, प्रदेशलाई, केन्द्रलाई,

स्थानीय तहलाई ,स्थानीय तह, प्रदेश वा केन्द्र तहमा बजेटको मतलब करको दरहरु जो जम्मा भएको करलाई विनियोजन गर्ने त्यसको निम्ति यो धैरै महत्वपूर्ण विधेयक रुपमा अगाडि बढाइएको छ। त्यसैले यो विधेयक मलाई लाग्छ, हाम्रो विकासको निम्ति धेरै महत्वपूर्ण विधेयक हो। यसको अभावमा हामीले कुनै पनि कार्यहरुलाई अगाडि बढ्न सक्दैनौं किनकि हाम्रो बजेटमा मुख्य गरी समान्यिकरण बजेट,समपूरक बजेट, सशर्त बजेट, विशेष बजेट र  मूलतः ४ वटा बजेट,त्यसमा राजश्व र करसँग सम्बन्धित कार्यहरु ,संलग्न गर्ने कार्यहरु, बजेटलाई व्यवस्थित गर्ने कार्यहरु त्यहाँबाट हुने भएको हुनाले यो विधेयक मलाई लाग्छ हाम्रो विकासको, हाम्रो समृद्धिको, हाम्रो योजना कार्यान्वयनको मेरुदण्डको रुपमा यो विधेयक आएको छ। यसलाई त्यही ढङ्गले यसलाई मनन गरेर हामिले यसलाई व्यवस्थित गर्ने, स्विकृत गर्ने काममा लाग्नुपर्छ भन्ने मलाई लाग्छ। प्रदेश सरकार मार्फत कुनै ठोस परिस्थितिमा जस्तै, कोभिडजस्ता, भूकम्पजस्ता परिस्थिति हरु,लगायतका परिस्थीतिहरुमा करलाई सरलीकरण गर्ने र वाधा अड्काउ फुकाउ गर्न सक्ने व्यवस्थालाई यस विधेयकमा राखिएको छ जो दफा १० मा छ।

कोभिड–१९ बाट प्रभावित भएका कारोवारमा छुट भएका ऋणीहरुलाई, व्यवसायीहरुलाई सहुलियतको व्यवस्था गरेको छ,विशेष व्यवस्था गरेको छ। यो ६० दिन सम्ममा कर तिर्न सक्ने त्यो किसिमको व्यवस्थापन गरेको छ। मलाई लाग्छ स्थानीय पालिकाले गर्ने घरजग्गासँग सम्बन्धित कार्यहरु धेरै महत्वपूर्ण छन् ती सबै अब वान टु वान अध्ययन गर्न, गम्भिरतापुर्वक अध्ययन गर्न पनि म सबै माननीयज्यूहरुलाई पनि माननीय सभामुखज्यु मार्फत हार्दिक अनुरोध गर्न चाहान्छु, धेरै महत्वपूर्ण छन। यो विधेयकलाई हामीले अझै व्यबस्थित गर्ने सन्दर्भमा मलाई लाग्छ, हामीलाई समय त धेरै नै अभाव भयो, तैपनि यो विधेयकलाई व्यवस्थित गरेर हामी अगाडि बढ्ने सकेको खण्डमा केन्द्रमा, प्रदेशमा, स्थानीय तहमा राजश्वहरु, करहरुको नियमित हुने यो स्थिति मैले देखिरहेको छु। मलाई लाग्छ, राजश्व र कर किन? भन्ने प्रश्न पनि यो विधेयकले एक ढङ्गले उत्तर दिइरहेको अबस्था छ। मुख्य गरि सरकारको जिम्मेवारी भनेको  जनताको राजनैतिक, सामाजिक, आर्थिक, सांस्कृतिक रुपान्तरण र समृद्ध एवं विकासको निम्ति सरकारको एउटा जिम्मेवारी हो भने त्यति मात्रै होइन सरकारको जिम्मेवारी संविधानले प्रदत्त गरेको मौलिक हक, अधिकारहरु जो ३६ वटा मौलिक हक कार्यान्वयन गर्नुपर्ने दायित्व सरकारसँग छ, २ वटा कर्तव्य जनताको तर्फबाट पनि निर्वाह गर्नुपर्ने स्थिति छ। त्यसलाई व्यवस्थित गर्ने सन्दर्भमा यो विधेयक अगाडि बढिरहेको छ।

त्यसैले मलाई लाग्छ, जनताको गासको समस्या हल गर्ने, वासको समस्या हल गर्ने,कपासको समस्या हल गर्ने,स्वास्थ्य, शिक्षा, सुरक्षा,रोजगारको समस्या हल गर्ने, समाधान गर्ने यो सरकारको जिम्मेवारीमा पर्छ भने नीजि क्षेत्र एवं जनसमुदायहरुको जनताको जिम्मेवारीमा मलाई लाग्छ राजश्व र कर तिर्ने, आफ्नो पेशा, व्यवसायलाई व्यवस्थित गर्ने, सुदृढ गर्ने, पेशा व्यबसायलाई समृद्ध बनाउने, आर्थिक उन्नति र प्रगति गर्ने,यसको निश्चित हिस्सा,थोरै हिस्सा राज्यलाई कर तिर्ने, स्थानीय सरकारलाई, प्रदेश सरकारलाई कर तिर्ने, त्यही कर फेरी हामीले तपाईं हामीले अहिलेसम्म भन्दै आएको, गर्दै आएको विकासको कार्यहरुमा लगानी गर्ने भएको हुनाले यो करलाई अझै व्यवस्थित गर्नु पर्ने जस्तो मलाई लाग्छ। यसैले मलाई लाग्छ यो विधेयकमा केही विशेषताहरु मैले देखेको छु,एउटा राजश्व र कर तिर्ने प्रणाली व्यवस्थित गर्न विधेयक आएको छ। अर्को राजश्व र कर छली न्यूनीकरण गर्ने, भ्रष्टाचारको न्युनिकरण गर्ने, विभिन्न किसिमको कर छल्ने प्रवृत्तिहरुलाई निरुत्साहित गर्ने, यसको निम्ति यो विधेयक अगाडि बढिरहेको अवस्था छ।

अर्को कर र राजश्व दर स्वभाबिक बनाएर घटी छ कि बढी छ कि, के छ अथवा मिनाहा गर्नु पर्छ कि,अथवा बढाउनुपर्छ यस्तोलाई स्वाभाबिक बनाएर कर र राजश्व व्यवस्थित बनाएर गरेर दायरा फराकिलो बनाउने, आमलाई कर तिर्ने व्यवस्थापन गर्ने, कर तिरुम तिरुम लाग्ने ब्यबस्थापन गर्ने यसको निम्ति यो विधेयकमा यो किसिमको व्यवस्थापन यहाँ गरिएको अबस्था छ, विशेषता छ यसको। अब स्थानीय तह र प्रदेश सरकारको क्षेत्रगत भूमिका यसले किटान गरेको छ, कायम गरेको छ यसको अर्को महत्वपूर्ण विशेषता हो र मुख्यगरी जनता र सरकारबिचको अन्तरसम्बन्ध यसले स्थापित गर्ने कोसिस गरेको छ, त्यसकारणले यो विधेयक महत्वपूर्ण छ, आवश्यकीय छ र यो विधेयकलाई अझै परिमार्जन गर्दै जान सकिन्छ। तर अहिलेको सन्दर्भमा, समयको पावन्दीको कारणबाट यो विधेयकलाई हामीले नयाँ ढङ्गले व्यवस्थित गरेर कार्यान्वयन गर्नको चनौतीलाई सामना गर्नको निम्ति प्रदेश सरकार सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गर्दै हाम्रो दल नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको तर्फबाट यस विधेयकको पूर्ण समर्थन जनाउँदै म विदा चाहान्छु। धन्यवाद। नमस्ते !

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकमाथिको छलफलको क्रममा माननीय सदस्यहरुले उठाउनु भएको प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेल**

सभामुख महोदय, अर्थ सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको विधेयकमाथि छलफलका क्रममा माननीयजीहरुले यो विधेयकको महत्वको विषयमा विधेयकको उद्देश्यको विषयमा, यो विधेयक कुन परिस्थितिमा आएको छ भन्ने विषयमा धेरै कुराहरु राख्नुभएको छ। उहाँहरुको जुन सुझाव छ ,त्यो सुझावहरुलाई मनन गर्दै अथवा स्वागत गर्दै यहाँ आएका केही कुराहरु समष्टिगत रुपमा यहाँ प्रस्तुत गर्न चाहान्छु ।

प्रदेश सरकारको जवाफदेही क्षेत्रभित्रको प्रशासनिक कार्य, स्थानीय समस्या वा प्रदेश सरकारको आर्थिक नीतिसँग सम्बन्धित विषयहरुमाथि आर्थिक विधेयकको छलफलका क्रममा माननीयज्यूहरुका सुझाव, जिज्ञासाको लागि धन्यवाद दिन चाहान्छु। माननीयज्यूहरुले जिज्ञासा राख्नुभएको गण्डकी प्रदेश उज्यालो प्रदेशको कार्यक्रम र बजेटलाई यथास्थितिमा राखी निरन्तरता दिईएको छ भने, हिजोको महत्वपूर्ण कार्यक्रमले निरन्तरता नै पाएको छ । यस सम्बन्धमा वार्षिक विकास कार्यक्रमको पुस्तिकाबाट संवोधन हुने नै छ। आर्थिक, सुशासन, विधि र प्रकृयासम्मत रुपमा सरकार चलेको छ, चल्नेछ। प्रदेशको आफ्नो राजश्वको आयतन सानो छ।

आन्तरिक राजश्वको लक्ष्य लगभग ५ अरव छ। हाम्रो अर्थतन्त्र,बजेट केन्द्रको अनुदानमा आधारित छ यो पक्कै पनि चिन्ताको विषय हो। प्रदेशको आन्तरिक राजश्व वृद्धि,थप राजश्वको श्रोतको खोजी गर्न सकिएन भने प्रदेशको समृद्धिको सपना पूरा गर्न सकिंदैन। माननीयजीहरुको सुझाव प्रति मेरो सम्मान र सहमति छ। सरकारले यथार्थपरक बजेट ल्याउन खोज्दा ७ वटै प्रदेश मध्ये सबैभन्दा कम रकमको बजेट हामीले ल्याउने साहस गर्यौं। तत्कालिन रुपमा योजनाहरु संवोधन गर्न नसकिए तापनि आर्थिक अराजकताको भूमरिमा फस्न बाट प्रदेशलाई बचाइयो भन्ने आत्मसन्तुष्टि छ। कोरोनाका कारण व्यवसाय वन्द हुन लागेको भन्ने चिन्ता, चिन्ताले गर्दा व्यवसाय जिवन रक्षा कोष मार्फत कार्यक्रम ल्याउने,अर्को तर्फ कर वृद्धि गर्नु पर्ने विवेकपूर्ण हुँदैन भन्ने भावबाट हामीले करमा वृद्धि गरेनौं, करमा छुट दिई राहत दिने प्रयत्न बजेटले गरेको छ।

सभामुख महोदय, देशको या प्रदेशको ढुकुटी वृद्धि गर्ने भनेको करबाट नै हो र त्यो तबमात्र सम्भव हुन्छ जब करदाताहरु अर्थात् हाम्रा जति पनि व्यापारी, उद्योगपति, उद्यमी अन्य व्यवसायीहरु सक्षम हुन्छन् तब मात्र उहाँहरुबाट कर अशुल गर्न सकिन्छ र त्यो न्यायपूर्ण पनि

हुन्छ।यिनै कुराहरुलाई ध्यानमा राखेर अहिलेको विषम परिस्थितिमा प्रदेश सरकारले करमा वृद्धि नगरिकन त्यो आहतमा एउटा राहतको मलम दिने प्रयत्न गरेको कुरा सभामुखज्यु मार्फत म सम्मानित प्रदेश सभालाई अवगत गराउन चाहान्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु,अब यो छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम म माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई "विनियोजन विधेयक २०७८" सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २०७ को उपधारा २ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १२९ को उपनियम (१) बमोजिम मिति २०७८ साल असार १ गते सभामा प्रस्तुत भएको आर्थिक वर्ष ०७८/७९ को राजश्व र व्ययको वार्षिक अनुमान माथिको छलफल समाप्त भइसकेको हुँदा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (५) बमोजिम गण्डकी प्रदेश, प्रदेश सरकारको "विनियोजन विधेयक २०७८" सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु,अब यो वैठक मिति २०७८ साल असार ३० गते विहान ११ बजेसम्मको लागि स्थगित हुन्छ ।

(तदनन्तर गण्डकी प्रदेश सभाको अर्को बैठक २०७८ साल असार ३० गते दिनको ११:०० बजे बस्ने गरि साँझको ६:५७ बजे स्थगित भयो।)